नेपालको पहिलो बौद्ध मासिक

# आनन्द भूमि

२०७५ (होलि पुन्हि/फागु पूर्णिमा) वर्ष ४६ अंक १२
बु.सं. २५६२ ने.सं. ११३९

**The Ananda Bhoomi (Year 46, Vol. 12)**
**A Buddhist Monthly : March/April 2019**



*प्रमुख सल्लाहकारः*
**भिक्षु मैत्री महास्थविर** (प्रमुख, आ. कु. वि.)

*सल्लाहकार :*
**भिक्षु धर्ममूर्ति** (कार्यवाहक प्रमुख, आ.कु.वि.)

*सम्पादक/प्रकाशन संयोजकः*
**कोण्डन्य**
बुद्धविहार भृकुटीमण्डप, ४२२६७०२

*सम्पादन सहयोगी :* **भिक्षु अस्सजि, भिक्षु धम्मदत्त**

*ब्यवस्थापन तथा वितरक :*
**विवेक महर्जन**, स्वयम्भू ९८४९४२०५६६

*व्यवस्थापन सहयोगी :* **भिक्षु सरणंकर, आनन्दकुटी**

*लेखा व्यवस्थापन :* **सुरेश महर्जन**, स्वयम्भू

*आवरण डिजाइन/भित्री सेटिङ्ग :* **विनोद महर्जन**

*आवरण फोटो :* **इन्टरनेट श्रोत**

***वितरणार्थ सहयोगीहरूः***
बुद्धजयन्ती समारोह समिति (श्रीघः), भिक्षु सुद्धिको, शर्मिला श्रेष्ठ (बौद्ध वृद्धाश्रम-बनेपा), अ. इन्द्रावती (धर्मकीर्ति), सरिता अवाले (ललितपुर), सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, (बौद्ध महिला संघ, नेपाल), सुवर्णमुनि शाक्य र प्रेमबहादुर थापा (भैरहवा), कलबहादुर पल्ली मगर र विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (बेनी), ज्ञानमाला संघ-आनन्द विहार (तानसेन), बलबहादुर गाहा (पाल्पा), कृष्णप्रसाद शाक्य (बाग्लुङ), विजय गुरूङ (लमजुङ), शैनी चौधरी (पुजारी लामा) सप्तरी, उत्तममान बुद्धाचार्य (पोखरा), रत्नबहादुर नाम्जाली (सुर्खेत), लालबहादुर चौधरीथारू (उदयपुर), अमरबहादुर थापा (कपिलवस्तु) ।

*मुद्रणः*
**आईडियल प्रिन्टिङ्ग प्रेस**, ग्वार्को, फोनः ५००७५६३, ०१२०२३५

*प्रकाशकः*
**आनन्दकुटी विहार**
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०
*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*


## बुद्धवचनामृत



**तुम्हे हि किच्चं आतप्पं- अक्खातारो तथागता ।**
**पटिपन्न पमोक्खन्ति - झायिनो मारबन्धना ॥**

*अर्थात् : काम त तिमीहरूले नै गर्नुपर्दछ, तथागतहरूले मार्ग देखाइदिन्छन्, त्यस मार्गको आचरण गरी ध्यानाभ्यासी भएर मारको बन्धनबाट मुक्त हुन्छ ।*

**छिमिसं हे थःथःगु ज्या यायेमाः, तथागतपिसं केवल लँपु जक क्यनाबी, ध्यान यायेगु लँपुइ वँम्ह ध्यानी मारबन्धनं मुक्त जुइ ।**

You yourself must strive the Buddhas only point the way, those meditative once who tread the path is released from the bonds of Mara.

**फ खऋअवबं रुरे**


*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्दकुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@gmail.com
gkondanya@gmail.com
info@anandabhoomi.com
Website: anandakutivihar.com.np
**www.anandabhoomi.com**



**वार्षिक रु. १५०/- एकप्रति रु. २०/- वार्षिक ग्राहक बनी सहयोग गरौं ।**

सम्पादकीय

# संघनायकको स्वास्थ्य स्थीर

## अस्वस्थ संघनायक भिक्षु अश्वघोषको सम्पूर्ण स्वास्थ्योपचार नेपाल सरकारले आजीवन व्यहोर्ने

नेपालका संघनायक भिक्षु अश्वघोष महास्थविर हाल अस्वस्थ भई अस्पतालमा स्वास्थ्योपचारमा हुनुहुन्छ । करिब ८ दशकदेखि निरन्तररूपमा बुद्धशासनिक क्षेत्रमा समर्पित व्यक्तित्व भिक्षु अश्वघोष महास्थविरले बुद्धको उपदेश र दर्शनलाई जनमानस समक्ष व्यावहारिक एवं सरल भाषामा लेखनी तथा प्रवचनको माध्यमबाट महत्वपूर्ण योगदान गरेका छन् ।

हाल ग्राण्डी इन्टरनेशनल अस्पताल (टोखा) मा उपचार गरिरहनुभएका ९३ वर्षीय नेपालका संघनायक भिक्षु अश्वघोष महास्थविरको स्वास्थ्यस्थिति जानकारी एवं उहाँको शीघ्र स्वास्थ्य लाभको कामना गर्न सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली आफै गत फागुन २९ गते हस्पिटल पुगेर आवश्यक उचारार्थ कुनै किसिमको कसर बाँकी नराख्न अस्पताल व्यवस्थापन र चिकित्सकहरूलाई निर्देशन दिएका थिए ।

उपचाररत ९३ वर्षीय नेपालका संघनायक भिक्षु अश्वघोष महास्थविरको बुद्धशिक्ष प्रचारप्रसार क्षेत्रमा समर्पित बुद्धशासनिक योगदानलाई कदर गर्दै सम्पूर्ण स्वास्थ्योपचार खर्च नेपाल सरकारले व्यहोर्ने साथै अबउप्रान्त उहाँको आजीवन स्वास्थ्योपचार समेत नेपाल सरकारले नै व्यहोर्ने निर्णय गरेका छन् । यस निर्णयलाई नेपाल सरकारको अत्यन्त सकारात्मक कदम मान्न सकिन्छ ।

नेपालको इतिहासमैं सरकारले कुनैपनि नेपाली भिक्षुको सम्पूर्ण स्वास्थ्योपचार खर्च ब्यहोर्ने निर्णयसहित आजीवन स्वास्थ्योपचार गर्ने भनी निर्णय गरेको यो पहिलो पटक नै हो । ढिलै भएपनि नेपाल सरकारले गरेको यो निर्णयलाई सम्बद्ध पक्षले अत्यन्त सकारात्मक निर्णय भनी खुशी अभिव्यक्त गरेका छन् । बुद्धजन्म भूमि नेपालमा बुद्धशिक्षाप्रति आजीवन समर्पित यौटा भिक्षुको कदर गर्न प्रत्यक्ष रूपमा नेपाल सरकारबाट जिम्मेवारीपूर्ण भूमिका निर्वाह गरिनु अत्यन्त स्वागतयोग्य कदमलाई अखिल नेपाल भिक्षु महासंघलगायत सम्बद्ध क्षेत्रले नेपाल सरकारको सकारात्मक कदमलाई साधुवाद व्यक्त गर्नु स्वाभाविक हो ।

नेपालका ज्येष्ठतम संघनायक भिक्षु अश्वघोष महास्थविरको स्वास्थ्य अवस्थाको जानकारी लिनेक्रममा प्रधानमन्त्री केपी ओली, उहाँका श्रीमति राधिका शाक्य, उपप्रधान मन्त्री एवं रक्षा मन्त्री ईश्वर पोखरेल, पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल, नेपाल कम्युनिष्ट पार्टीक महासचिव विष्णु पौडेल, नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे, नेपाल परिवार दलका अध्यक्ष एकनाथ ढकाल, सभासद् कृष्णगोपाल श्रेष्ठ, प्रदेश सभासद् विना श्रेष्ठ, काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्य, नेपालका लागि श्रीलंकाका महामहिम राजदूत सुश्री पेरेरालगायत थुप्रै महानुभावहरू हस्पिटल पुगेरै संघनायक महास्थविरको शीघ्र स्वास्थ्य लाभको कामना गरेका छन् ।

नेपाल सरकारले नेपालका संघनायकप्रति धर्मगौरवको महशुससहित जुन सकारात्मक कदम चालेका छन्, त्यसरी नै अन्य बुद्धशासनिक व्यक्तित्वहरूका लागि समेत नेपाल सरकारले थप स्वास्थ्य सुविधा हेतु समयमैं उचित निर्णय गरिनु स्वयं सरकारकै लागि लाभदायी कदम हुनेछ ।

उपचाररत एवं स्वास्थ्यस्थितिमा स्थीर एवं गम्भीर संघनायक भिक्षु अश्वघोष महास्थविरलाई सुस्वाथ्यलाभको मैत्रैपूर्ण आशिका गर्दछौं ।

# विषय–सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | बुद्धको मैत्री र सत्यद्वारा स्वास्थ्य सेवा | भिक्षु अश्वघोष महास्थविर | ४ |
| २. | कर्म फल | अनु. लोकबहादुर शाक्य | ६ |
| ३. | गौतम बुद्ध | विजय सागर | ८ |
| ४. | के बुद्धधर्म हिन्दूधर्मको शाखा हो र ? | तिलकमान गुभाजू | ११ |
| ६. | त्रिपिटकाचार्य श्रद्धेय कुमार भन्तेको संक्षिप्त जीवनी | देवप्रसाद वज्राचार्य | १६ |
| ७. | चाबहिलको लिच्छविकालिक शिलालेख-१ | डा. महेशराज पन्त | २० |
| ८. | हिउपाः मजिमगाः थौं | लाभरत्न तुलाधर | २६ |
| ९. | Role of Religious Leaders... | Deva Kaji Shakya | 27 |
| १०. | बौद्ध गतिविधि | | ३० |



**५ वर्षे मुद्दतीमा सावाँको**
**दोब्बर भुक्तानी गर्ने**

| मुद्दती बचतमा पाइने ब्याजदर | | | | |
|---|---|---|---|---|
| मुद्दती अवधि | मासिक | त्रैमासिक | अर्धवार्षिक | वार्षिक |
| १ वर्ष | ११% | ११.२५% | ११.७५% | १२% |
| २ वर्ष | ११.५% | ११.७५% | १२% | १२.५% |
| ३ वर्ष | १२.५% | १२.७५% | १३% | १३.५% |
| ४ वर्ष | १३% | १३.२५% | १३.७५% | १४% |
| ५ वर्ष | १४% | १४.२५% | १४.७५% | १५% |
| सुपर सेभिङ्ग बचत खातामा (दैनिक मौज्दातमा) ८% ब्याजदर | | | | |

| बचतमा पाइने ब्याजदर | |
|---|---|
| बचत | ब्याजदर |
| साधारण बचत | ८% (६ महिनामा भुक्तानी) |
| बाल बचत | १२% (५ वर्षमा भुक्तानी) |
| आवधिक बचत ६/१२/२४/३६ महिना | ९%/१०%/११%/१२% |

रेमिटान्स सेवा – प्रभु, हिमाल, मेघा, सिद्धार्थ, मनिग्राम, मनि एक्सप्रेस, रिलायबल

अन्य सेवाहरू : ADSL, Land Line को बिल भुक्तानी तथा NTC, NCell को Post Paid र Pre-Paid Recharge सेवा




आजको बचत नै भोलिको सुन्दर भविष्यको आधार हो ।

Regd. No. 2352/065/066

CANON 2066
Saving & Credit Co-operative Limited

**CANON**
**Saving & Credit Co-Operative Ltd.**

Tel: 4288868
Swoyambhu-15, Sanobharyang
Kathmandu
canon_sc@email.com



# बुद्धको मैत्री र सत्यदारा स्वास्थ्य सेवा

✍ भिक्षु अश्वघोष महास्थविर

स्वास्थ्य सेवा गर्ने तरीका थरी थरी छन् । बुद्धधर्म अनुसार शारीरिक सेवा गरेर, यथाशक्ति धन दिएर अथवा औषधी आदि दिएर स्वास्थ्य सेवा गर्न सकिन्छ । अर्को थरी मनोवैज्ञानिक तरिकाबाट पनि रोगीको सेवा हुनसक्छ र हुन्छ पनि ।

एक समयमा भगवान् बुद्ध राजगृह नगरको नजिक कलन्दक निवाप नामक वेलुवन विहार (बाँसबारी) मा बस्नुभएको थियो । त्यस बखत भगवान् बुद्धका एक शिष्य महाकाश्यप महास्थविर पिप्फलीगुफामा रोगले पीडित भई बस्नुभएको थियो ।

**– रोगी महाकाश्यप भिक्षुले अनुमोदन गरे, राम्रो कुरा हो भनी स्वीकार गरे । अनि महाकाश्यप भिक्षु रोगबाट मुक्त भई सदाको लागि स्वास्थ्यलाभी हुनुभयो ।**

**भगवान् बुद्धले सप्तबोध्यंग परित्राण पाठगरी ( उपदेश दिनुभई) महामोग्गल्लायन भिक्षुको रोग शान्त गरिदिनुभयो ।**

**बुद्धकालदेखि भिक्षु-भिक्षुणीहरुले बिरामीहरु समक्ष मैत्री र करुणा चित्तले परित्राण पाठ गरी (मनोवैज्ञानिक तरिकाबाट) रोगको शान्त गर्दै आइरहेका छन् ।**



अनि भगवान् बुद्ध साँझपख ध्यान समाधिबाट उठ्नुभई महाकाश्यप जहाँ बस्नुभएको थियो, त्यहाँ पाल्नुभई बिछ्याइराखेको आसनमा बस्नुभयो र महाकाश्यप भिक्षुसित सोध्नुभयो- काश्यप, के तिमीलाई असाध्यै सहनै नसक्ने गरी दुःख वेदना भइरहेको छ? के रोग कम भएको छैन? के दुःख वेदना कम हुने लक्षण देखा पर्दैन?

अनि रोगी महाकाश्यप भिक्षुले भन्यो-

यस अङ्क



आनन्द भूमि

पढौं पढाऔं, समयमैं वार्षिक ग्राहक बनौं

आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं, फोनः ४२७१४२०

E-mail : anandakutivihar@gmail.com, anandakutivihar@ntc.net.np
gkondanya@gmail.com, kondanya@soon.com

गताङ्कमा



"भन्ते, मलाई त सहनै नसक्ने गरी दुःख वेदना भइरहेको छ, बस्नै मुस्किल छ, झन् झन् बढ्नु बाहेक रोग कम भएको छैन ।"

काश्यप, मैले सप्तबोध्यङ्ग (सात बोधिज्ञानको अङ्ग) राम्रैसँग व्याख्या गरिसकें, अभ्यास गरिसकें, बार बार अनुभव गरिसकें । यी सात बोधिअङ्ग धर्म, चार आर्यसत्यलाई (दुःख, दुःखको कारण, दुःखको नाश र दुःख अन्त गर्ने बाटोलाई) यथार्थ रूपमा बुझ्न र निर्वाण (दुःखबाट मुक्ति) प्राप्तिको लागि उपयोगी छन् । ती सात धर्म हुन्-

**(१) स्मृति (सावधान हुनु)**

**(२) धर्मविचय (धर्मको बारे परीक्षण शक्ति)**

**(३) वीर्य (ठीक उत्साह)**

**(४) मानसिक प्रीति**

**(५) प्रश्रब्धि (नराम्रो विचारलाई दबाउनु)**

**(६) समाधि (चित्त एकाग्रता)**

**(७) उपेक्षा (दुःखमा पनि सुखमा पनि चित्त विचलित र उच्छृंखलता नहुनु) ।**

उपर्युक्त सात कुराको व्याख्या गर्नुभई करूणापूर्वक उपदेश दिनुभयो । रोगी महाकाश्यप भिक्षुले अनुमोदन गरे, राम्रो कुरा हो भनी स्वीकार गरे । अनि महाकाश्यप भिक्षु रोगबाट मुक्त भई सदाको लागि स्वास्थ्यलाभी हुनुभयो ।

यस्तै भगवान् बुद्धले सप्तबोध्यंग परित्राण पाठगरी (उपदेश दिनुभई) महामोग्गल्लायन भिक्षुको रोग शान्त गरिदिनुभयो ।

बुद्धकालदेखि भिक्षु-भिक्षुणीहरूले बिरामीहरू समक्ष मैत्री र करूणा चित्तले परित्राण पाठ गरी (मनोवैज्ञानिक तरिकाबाट) रोगको शान्त गर्दै आइरहेका छन् । यो पनि स्वास्थ्य सेवामा गनिन्छन् ।

(बौद्ध जगतमा स्वास्थ्य सेवा, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, काठमाडौं, वि. सं. २०३७)


बुद्धको जन्मभूमि राष्ट्र नेपालमा सुख-शान्ति फैलिरहोस् ।
सम्पूर्ण नेपालीहरूमा धार्मिक चेतना विकास होस् ।

**मिलन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
पाको, न्यूरोड, काठमाडौ, फोन : ४२३१०३६, ४२२२०६५, फ्याक्स : ४२१६१६७

# कर्म फल



✍ अनु. लोकबहादुर शाक्य

**– हामी मानिसको पहिले पहिलेको जन्ममा शरीर, वचन र मनले अरुलाई कमसल काम कुरो गरेको फल अहिले भोग गर्नुलाई कर्म विपाक भन्दछ । कर्म विपाक जङ्गल पहाड गुफामा लुकेर बसेपनि भोग नगरी हुँदैन । हामीजस्तो क्लेश भएका मानिसले कर्मविपाक भोग गर्नु पर्ने त के कुरा भगवान् बुद्धले सम्पूर्ण क्लेश नभएपछि पनि कर्म विपाक भोग नगरी हुँदैन ।**

पुज्य अश्वघोष भन्तेले देशना गर्नुभएको बुद्धधर्म अनुसार कर्मफलको कुरा व्याख्या गर्नु सजिलो छैन । कर्मफल भनेको पहिलेको जन्मको मात्र कर्मफल होइन । यस जन्मको बालकदेखि गरी आएको र आमाबाबुको कर्मको फल पनि छोराछोरीले भोग गर्नु पर्दछ । कुनै यहि जन्ममा भोग गर्नुपर्ने र पछि कर्मफल भोग गर्नु पर्दछ । प्रमाणको निम्ति अंगुलिमाल त्यतिका मानिस मारेर पनि भगवान बुद्धको उपदेश सुनेर यही जन्ममा 'अरहत' भयो, फेरी कर्मफल भोग गर्नु परेन, कर्मफलको कुरा राम्ररी बुझ्न सजिलो छैन । त्यसैले भगवान् बुद्धले देशना गर्नुभएको 'कर्मफलको कल्पना नगरेपनि हुन्छ' (अचिन्तिनेय्यो कम्मविसयो)

हामी मानिसको पहिले पहिलेको जन्ममा शरीर, वचन र मनले अरूलाई कमसल काम कुरो गरेको फल अहिले भोग गर्नुलाई कर्म विपाक भन्दछ । कर्म विपाक जङ्गल पहाड गुफामा लुकेर बसेपनि भोग नगरी हुँदैन । हामीजस्तो क्लेश भएका मानिसले कर्मविपाक भोग गर्नु पर्ने त के कुरा भगवान् बुद्धले सम्पूर्ण क्लेश नभएपछि पनि कर्म विपाक भोग नगरी हुँदैन । 'शासनधज धम्माचरिय' धम्मवती गुरू आमाका गुरू बर्माका भन्तेले देशना गर्नुभएको सत्ययुगमा मानिसको आयु दसहजार भएको बेला गौतम बुद्ध जन्म हुनुपर्‍यो । कलियुगमा जन्म हुनुभएकोले हरामी भिक्षुसित पनि बस्नुपर्‍यो ।

एक विपाक गौतम बुद्धको माथि रहनुभएका काश्यप बुद्धको पालामा ब्राह्मण कुलमा बोधिसत्व भएका बेलामा साथीलाई बुद्धको उपदेश सुन्न जानुपर्‍यो आउनु होस् भन्यो, तपाईको बुद्ध कति तपस्या गरेर बुद्ध हुनुभएको भनेर सोध्नुभयो । ६ दिन तपस्या गरेर बुद्ध हुनुभएको भन्दाखेरी बुद्धहरू त्यति तपस्या गरेर बुद्ध हुन सक्ला, उसले ६ दिन गर्‍यो भने मैले ६ वर्षसम्म गरूँला भनेर काश्यप बुद्धलाई हेला गरेको पापले आफू ६ वर्ष तपस्या गर्नुपरेको हो । शील पवित्र मानिसलाई पाप गर्दा धेरै पाप लाग्ने अनि धर्म गर्दा धेरै पुण्य लाग्ने रहेछ । ६ वर्षसम्म तपस्या गर्दा दुब्लाएर शरीरमा छुँदा हाड भेटियो । नाकद्वारा घाँस उम्रेर आयो रे । बुद्ध हुनुपर्ने भएर मात्र नमरेको अरू भए मरिसक्छ । यो वचन गरेको कर्म विपाक हो ।

हामी मानिसहरूले पनि असल काम गर्दा मन खुलाएर खुशी भएर गर्नु पर्दछ । दान दिइसकेपछि मफतमा दिएँ नदिएपनि हुने भनेर मनमा आयोकि पुण्य कति हुनुपर्ने हो त्यति हुँदैन । नजानेको मानिसलाई दान दिएँ भनेको दिनेलाई मात्र हुने जस्तो ठान्दछ, त्यसो होइन, जे दान दिए पनि दान दिइसकेपछि मनमा आउनासाथ असल बिउ रोपेको हुन्छ । पछि असल बिउको असल फल फल्छ, दान दिइसकेपछि मात्र दान लिनेलाई बस्तु प्राप्त हुने हो, यस्तो नजानेर धेरै मानिसको मनमा धन मात्र दिनुपर्ने होइन भनेर कल्पना गर्दछ, तर संसारको नियम अनुसार असल काम गर्दा असल, कमसल खराब कर्म गर्दा नराम्रो फल भोग गर्नुपर्ने रहेछ । यस्तो हुने भएकोले भगवान् बुद्धले सत्व प्राणीलाई असल बाटो देखाएर दुःख नहुने पार्न पूर्णिमाको दिन जन्म भएर बुद्ध हुनुभै आफूले गरेको दुःखमुक्त हुने ज्ञान देशना गर्नुभएको हो । हामीहरूको लागि धेरै दुःख सहेर बुद्ध हुनुभयो, हामी भने बुद्धको उपदेश सुन्न, पढ्नको लागि समय छैन,

हेर्दाहेर्दै समय छैन, कैयौंको पढाईमा राम्रो समय दिनु भएन । अनि हामीले के गर्नु हुन्छ के गर्नु हुँदैन  भन्ने विषय राम्ररी बोध नभई जीवनमा दुःख भोगिरहेका छौं । त्यसैले हामीले बुद्धको गुणलाई सम्झेर आफ्नो भलाइको निम्ति शरीर वचन र मनले दिलो ज्यान दिई काम गर्ने साथै सकल प्राणीको भलाईको लागि सक्दो प्रयास गर्न अग्रसर होऊँ ।

यो संसारमा कति प्राणी छ सबैले सुखशान्तिले बाँच्न चाहन्छ । सुखशान्ति नचाहने आखिरमा कुनै प्राणी हुँदैन, मानिसदेखि पशुपंक्षी तथा सूक्ष्म जीवात्माहरूले पनि सुखशान्ति चाहन्छन् । कुनै प्राणीहरूले आफ्नो आफ्नो अनुसार सुखदुःख शान्तिअशान्ति भोगिरहन्छन् आखिर दुःख अशान्ति त सबैले भोग्नु पर्दछ, यसमा कोहि मुक्त हुँदैन । राजा प्रजा, धनी गरीब, बलवान निर्बल सबै प्राणी नियमित भित्र परेको छ, कुनैपनि आफूले चाहेको जस्तो छैन, त्यसैले यस्तो अनित्यवाद (अनात्मवाद) नै आर्यसत्य धर्म अनुसार दुःखसत्य भनेर (१) जन्म हुने दुःख (२) रोग लाग्ने (३) बृद्ध हुने (४) मृत्यु हुने (५) मनपर्नेसँग अलग हुनुपर्ने (६) मन नपर्नेसँग बस्नुपर्ने (७) मनले चाहेको जस्तो पूर्ण नहुने (८) पञ्चस्कन्ध शरीर धारण गरिरहनु पर्ने नै दुःख हो । यिनीहरू नै दुःखसत्य हो ।

माथिको दुःखबाहेक अरू दुःख आइरहेको छ । आजको विज्ञानवाद भौतिकवाद युगमा अनगिन्ति दुःख आइपर्नु स्वभाविक भयो । विज्ञान प्रविधिको विकासबाट कति सजिलै सुखसुविधा वा आनन्द सम्झिरहेको छ त्यति नै प्राणी जगत भयावह दुःख अशान्ति आतंकित भएको छ । शक्तिसम्पन्न राष्ट्रले विपन्न राष्ट्रलाई आफ्नो अधिनमा राख्न प्रयास गरिरहेको छ, आ□नो शरीर र मन आफ्ना अधिनमा नभएको कुरा बुझ्न नसकेर आफूलाई दुःख र अशान्ति आफैले ल्याएको छ आफ्नो पेट भरेपछि अरूको मतलब छैन भन्ने हालीमुहालिले गर्दा देशको शासन व्यवस्था हानिभैरहेको छ । राजनैतिक पार्टी सामाजिक संस्था पनि यसभित्र रहेकोले निस्वार्थ सहनशिलताको भाषण दिए पनि तालमा छैन ।

(श्रोत : पलेमिखा, युवा बौद्ध समूह, कर्मफल : लेखक अमृतलक्ष्मी)



# गौतम बुद्ध



✍ **विजय सागर**
**vijaysagarshr@gmail.com**

**– बुद्धधर्म वैदिक धर्म (ब्राह्मण धर्म) को आडम्बरमयी स्वरुपलाई ध्वस्त गर्न नयाँ धर्मको रुपमा विश्वमा देखा परेको थियो । यसमा यस धर्मले सफलता पनि पायो । तर गौतम बुद्धको "महापरिनिर्वाण" पछि "बुद्ध" धर्ममा ब्राह्मण धर्मकै बराबर मान्यताहरु प्रचलनमा आए । यो "धर्म" विभिन्न यानहरु (थेरवाद, महायान, वज्रयान, तन्त्रयान आदि) मा विखण्डन भयो । भिक्षु र भिक्षुणीहरुमा तामसी र विलासी प्रवृत्तिले जन्म लियो । यसैले जुन रुपमा**

गौतम बुद्ध एक पटक कुनै गाउँको नजिकको जंगलमा आफ्ना शिष्यहरू सहित केही दिनको निम्ति विश्राम गरी रहेका थिए । दैनिक चर्याअन्तर्गत भिक्षाटन पनि थियो ।

एकदिन शिष्यहरू भिक्षाटनबाट फर्केपछि गौतम बुद्धलाई भने- गाउँको एक धनाढ्य ब्राह्मणले उनीहरूलाई र स्वयं हजुरलाई समेत गाली गरे । गौतम बुद्ध केही बोलेनन् । मात्र हाँसिरहे । भिक्षाटनको क्रम जारी रह्यो । ब्राह्मणको गाली गर्ने क्रम पनि रोकिएन ।

सातौं दिन गौतम बुद्ध स्वयं आफ्ना शिष्यहरू सहित उनै ब्राह्मणको घरमा भिक्षा माग्न पुगे । स्वयं बुद्ध समेत भिक्षाको निम्ति आएको देखेर ब्राह्मणले बुद्धलाई तथानाम गाली गर्दै घरभित्र पसेर थाल भरी भिक्षाका चामलहरू ल्याएर भन्यो- ला ! पाखण्डी ! घरमा भिक्षा माग्न आएकाहरूलाई त्यसै पठाउन मिल्दैन भन्छन्, त्यसैले तँलाई भिक्षा दिंदैछु ।

गौतम बुद्ध मुसुमुसु हाँसिरहे- भिक्षा थापेनन् ।

ब्राह्मण झनै रिसाउँदै भन्यो- के को नाटक गर्दैछस् ? पाखण्डीहरूको नाइके ! मगन्ते !

गौतम बुद्धले हाँसिहाँसि ब्राह्मणसँग सोधे- ब्राह्मण देव ! तपाइँको हातमा रहेको यो भिक्षा मैले लिइनँ भने कस्को हुन्छ ?

ब्राह्मण रिसाएको त थियो थियो, गौतम बुद्धका कुरा सुनेर झनै रिसाउँदै भन्यो- हे ! पाखण्डी ! तैँले लिएनस् भने मेरो सामान मेरै हुन्छ ! अरु कस्को हुन्छ ?

तब गौतम बुद्धले हाँस्दै भने- ब्राह्मण देव ! अहिलेसम्म तपाइँले मेरा शिष्यहरू तथा मलाई जे जति गाली गर्नुभयो, भन्नुनभन्नु भन्नुभयो त्यो पनि हामीले लिँदै लिएनौं भने कस्को हुन्छ ?

गौतम बुद्धका कुरा सुनेर ब्राह्मण एक्कासी खंग्रङ्ग भए । उनको हातबाट थाली खस्यो । उनी हत्तपत्त गौतम बुद्धको पाउमा परे र भने- भगवान् मलाई क्षमा गर ! भगवान् मलाई क्षमा गर !

पछुतोले रुँदै गरेका ब्राह्मणलाई उठाएर अँगाल्दै गौतम बुद्धले भने- मित्र ! - घृणा, इर्ष्या, द्वेष, मान्छेका शत्रु हुन् ।

त्यसपछि ब्राह्मण गौतम बुद्धका पछि लागे र भिक्षु बने ।

यो लामो कथाको साररूप मात्र हो ।

यस्ता महान् बुद्धको जन्म कपिलवस्तुका शाक्य वंशीय राजा शुद्धोदन र रानी महामाया देवीको कोखबाट ५६३ इ.पू. मा लुम्बिनीमा बैशाख पूर्णिमाको दिन भएको थियो ।

विवाह भएको २० वर्षसम्म सन्तान नभएका राजा शुद्धोदनले सन्तान प्राप्तिको हर्षले विभोर भई बालकको नाम 'सिद्धार्थ' (सबै इच्छा परिपूर्ण भएको) राखे ।

बालक सिद्धार्थ जन्मेको सातौं दिनमा महारानी महामाया देवीको स्वर्गारोहण भयो । बालक सिद्धार्थको लालनपालन महारानी महामायाकी बहिनी महा प्रजापतिबाट भयो ।

सोह्र वर्षको उमेरमा राजकुमार सिद्धार्थको विवाह

महारानी महामाया देवीका भाई देवदह दुर्गका राजा सुप्रबुद्धकी छोरी राजकुमारी यशोधरासित भयो ।

विवाहपश्चात् पुत्र राहुलको जन्मअघि राजकुमार सिद्धार्थले सारथी छन्दकको साथ घुम्दा मान्छेको यथार्थ रूप - बृद्ध, रोगी, मृत्यु एवम् सन्यासीलाई देखेका र दुःखपीडाको अनुभूति बारे जानकारी पाएका थिए । त्यसैले उनको मनमा वैराग्य उत्पत्ति भएको थियो ।



२९ वर्षको उमेरमा राजकुमार सिद्धार्थ र राजकुमारी यशोधराको कोखबाट एक पुत्रको जन्म भयो । राजकुमार सिद्धार्थले पुत्रको नाम राहुल (बन्धन) राखे ।

२९ वर्षकै उमेरमा राजकुमार सिद्धार्थले आषाढ पूर्णिमाको शुभदिन उत्तराषाढ नक्षत्रको शुभमुहुर्तमा राति मस्तनिन्द्रामा रहेका राजकुमारी यशोधरा तथा छोरा राहुल र राजमहल समेत त्यागेर सारथी छन्दक र घोडा कन्थकको सहयोगमा जंगल पसे । यस घटनालाई "महाभिनिष्क्रमण" भनिन्छ ।

ज्ञान प्राप्तिको निम्ति ६ वर्षसम्म कठोर संघर्ष गरे र ३५ वर्षको उमेरमा वैशाख पूर्णिमाको दिन ज्ञान प्राप्त गरे । जुन "सम्बोधि" नामबाट प्रसिद्ध भयो । अर्थात "बुद्धत्व" प्राप्त गरे । गौतम गोत्रका भएका हुँदा राजकुमार सिद्धार्थलाई ज्ञानप्राप्तिपछि गौतम बुद्ध भनियो ।

"बुद्धत्व" प्राप्तिपछि गौतम बुद्धले आफ्ना साथीहरू सहित ४५ वर्षसम्म घुमीघुमी ज्ञानको प्रचारप्रसार गरे ।

गौतम बुद्धका शिक्षाहरू मध्ये -

**१. चार आर्य सत्यहरु**

(क) संसार दुःखमय छ

(ख) दुःखको कारण तृष्णा हो

(ग) तृष्णामाथि विजय प्राप्त गर्नु दुःख नाशको कारण हो ।

(घ) दुःखबाट मुक्तिको लागि "अष्टांगिकमार्ग" को अनुशरण गर्नु एक मात्र उपाय हो ।

**२. अष्टांगिक मार्ग**

(क) सम्यक् दृष्टि - सत्य र असत्यलाई छुट्याउने शक्ति ।

(ख) सम्यक् संकल्प - हिंसा एवम् तृष्णारहित संकल्प ।

(ग) सम्यक् वाणी - मृदु, प्रिय एवम् सत्यवचन ।

(घ) सम्यक् कर्म - दान, दया, अहिंसा, सदाचार इत्यादि ।

(ङ) सम्यक् आजीव - उचित एवम् सदाचारपूर्ण जीवन यापनको तरिका ।

(च) सम्यक् व्यायाम - विवेकयुक्त प्रयत्न ।

(छ) सम्यक् स्मृति - गर्न हुने र गर्न नहुने कुरामा ध्यान दिने ।

(ज) सम्यक् समाधि - चित्तको एकाग्रता ।

**गौतम बुद्धद्वारा प्रतिपादित दसशील**

(क) अहिंसा

(ख) सत्य

(ग) आस्तेय

(घ) अपरिग्रह

(ङ) व्यभिचारबाट बच्नु

(च) लागु पदार्थको सेवनबाट पर रहनु
(छ) असमयको भोजनको परित्याग गर्नु
(ज) नरम आरामदायी विस्तराको परित्याग गर्नु
(झ) नाचगानबाट बच्नु
(ञ) ब्रह्मचर्याको पालन गर्नु

गौतम बुद्धका अनुसार मध्यममार्ग अपनाउनु पर्दछ । जस अनुसार अत्याधिक विलासिता वा अत्याधिक तप दुइटै हुनु हुँदैन ।

आफ्नो ज्ञान प्रचारको ४५ वर्षसम्ममा गौतम बुद्धले मगधका राजा बिम्बिसार, अजातशत्रु, कोशलनरेश प्रसेनजित, अनाथपिण्डिक, नगरवधु आम्रपाली तथा कपिलवस्तुका नरेश शुद्धोदन, महारानी महाप्रजापति, राजकुमारी यशोधरा, राजकुमार राहुललगायत हजारौं हजारलाई बौद्ध भिक्षु बनाई ज्ञान प्रदान गरेका थिए ।

यसरी ज्ञानको प्रचारमा घुम्दाघुम्दै ८० वर्ष पूर्ण भएको दिन वैशाख पूर्णिमाको राति तृतीय प्रहरमा कुशीनगरमा "महापरिनिर्वाण" प्राप्त गरे ।

गौतम बुद्धको "महापरिनिर्वाण" पश्चात् उनका अवशेषहरू निम्न आठ ठाउँमा बाँडियो ।

१. पावा तथा कुशीनगरका मल्ल
२. कपिलवस्तुका शाक्य
३. बैशालीका लिच्छवि
४. अलकप्यका बुली
५. रामग्रामका कोलिय
६. पिप्लवीवनका मोरिय
७. बेष्ठद्वीपका ब्राह्मण
८. मगध सम्राट अजातशत्रु

बुद्धधर्म वैदिक धर्म (ब्राह्मण धर्म) को आडम्बरमयी स्वरूपलाई ध्वस्त गर्न नयाँ धर्मको रूपमा विश्वमा देखा परेको थियो । यसमा यस धर्मले सफलता पनि पायो । तर गौतम बुद्धको "महापरिनिर्वाण" पछि "बुद्ध" धर्ममा ब्राह्मण धर्मकै बराबर मान्यताहरू प्रचलनमा आए । यो "धर्म" विभिन्न यानहरू (थेरवाद, महायान, वज्रयान, तन्त्रयान आदि) मा विखण्डन भयो । भिक्षु र भिक्षुणीहरूमा तामसी र विलासी प्रवृत्तिले जन्म लियो । यसैले जुन रूपमा पहिला यसको विकास भयो १२ औं शताब्दीपछि हुन सकेन ।

यद्यपि गौतम बुद्धको "बुद्धधर्म" नेपाल, भारत, चीन-तिब्बत र श्रीलंकामा मात्र सीमित रहेन । यो धर्म म्यान्मार, थाइलैण्ड, लावोस, कम्पुचिया, भियतनाम तथा जापान, कोरिया, मंगोलिया र जावा आदि देशहरूमा प्रचार प्रसार भए ।

सन्दर्भ ग्रन्थ

(१) संक्षिप्त बुद्ध जीवनी - भिक्षु अमृतानन्द, अनु, केशवलाल कर्माचार्य गौतम बुद्धको "महापरिनिर्वाण" पश्चात उनका अवशेषहरू निम्न आठ ठाउँमा बाँडियो । अन्तर्राष्ट्रिय बौद्ध समाज, लुम्बिनी - २०५५

(२) भगवान् बुद्धका उपदेश - बुक्क्यो देन्दो क्योकाई, भाषान्तरकार - देवेन्द्रराज उपाध्याय १९८०

(३) भारतीय इतिहास - डा. के.के. शर्मा, उपकार प्रकाशन आगरा-२

- भैरहवा, रुपन्देही

**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु**
**यही नै बुद्धको उपदेश हो**

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel. 4225625 / 4244173

# बिश्व मोटर ट्रेडर्स

**ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ४२३८१४७, ४०३००४४, ०१२२९२२३०**
E-mail: vishwamotor@gmail.com

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टसहरूको साथै ब्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।**

# के बुद्धधर्म हिन्दूधर्मको शाखा हो र ?



✍ तिलकमान गुभाजु, पोखरा

*गत अंकबाट क्रमशः*

### *१८.५ कुमारिल भट्टले नक्कली भिक्षु बनेर जासुसी गरे*

कुमारिल भट्टको पनि हिन्दूधर्ममा महत्त्वपूर्ण स्थान छ। उनले बुद्धधर्मको विरोधमा गरेका कार्यहरू धेरै किताबहरूमा लेखिएको छ। उनले बुद्धधर्मको छिद्र पत्ता लगाउन तथा बौद्ध मतको खण्डन गर्नका लागि बौद्ध भेष धारणा गरेर तथा भिक्षुहरूसँग मिलेर पठन पाठन गरे, घुलमिल भए। आधुनिक भाषामा भन्ने हो भने उनी जासूस भएर बुद्धधर्ममा प्रवेश गरेर भित्रै बसेर आफ्नो काम गर्दैरहे। उनले बुद्धधर्ममा विद्रोह गर्न खोजे। तर भिक्षुहरूले समयमै त्यसको सुंइको पाइसकेका थिए र त्यसबाट त्यति धेरै नोक्सान भएन। उनी असफल भए। अनि पछि गुरुद्रोह गरेको पापको निमित्त आफ्नो धर्मानुसार उनी आफै भूसको आगोमा डढेर मरेका कुरा हिन्दू समाजमा चर्चित छ। कुमारिल भट्टसम्बन्धी त्यसरी जानकारीमा आएका कुराहरू सबै सत्य हुन् भन्न सकिंदैन। त्यो एउटा बेग्लै अध्ययनको विषय हो। तर उनी जस्तो प्रतिष्ठित आचार्य जो हिन्दूशास्त्र अनुसार कुमारजीकै अंश थिए- ले आफैले बुद्धधर्मको विरोधमा त्यति तल्लोस्तरमा आई गरेको त्यो जासूसी कामलाई हेर्दा त्यसबेला बुद्धधर्मप्रति तत्कालीन वैदिक आचार्यहरूको दृष्टिकोण, धारणा र सम्बन्ध के कस्तो रहेछ र बुद्धधर्मलाई तहसनहस पार्न कस्तोसम्म नीच व्यवहार गर्ने रहेछ भन्ने कुराहरू छर्लङ्ग हुन्छन्। के कुमारिल भट्टले गरेको त्यो कार्य आफन्तको परिचायक हो? के त्यो एउटा बोटले आफ्नो हाँगोलाई गर्ने व्यवहार हो? के आफन्तले आफन्तलाई त्यस्तै व्यवहार गर्दछ? त्यसबेला बुद्धधर्म हिन्दूधर्मको हाँगा मानिएको भए उनले बुद्धधर्मप्रति त्यस्तो निन्दनीय कार्य गर्ने नै थिएनन्। एकछिन मानौं उनले त्यस्तो गऱ्यो रे। त्यो उनको मात्र विचार हो र अरुको त्यसमा सहमति नभएको भए हिन्दू समाजमा उनी त्यति प्रतिष्ठित हुने नै थिएनन्। हिन्दू समाजमा उनको मर्यादा रहिरहेको कारणबाट यही सिद्ध हुन्छ कि उनको समयमा बुद्धधर्मलाई हिन्दूधर्मको शाखा मानिएको थिएन।

### १८.६ शंकर दिग्विजयको रचना

यो कुरा वैदिकधर्मका पुनरुत्थानकर्ता शंकराचार्यको

**– इतिहासकारहरूका अनुसार शंकराचार्यले भारतमा दिग्विजय गरेपछि उनी नेपाल आए। उनले यहाँ आफ्नो धर्म स्थापना गर्न तथा बुद्धधर्मलाई दबाउन अनेक हरकत गरे। उनले यहाँ भएका अमूल्य बौद्धशास्त्रहरू च्यातेर जलाए। उनले चैत्य र विहारहरू तोडफोड गरी ध्वंसात्मक कार्य गरे। त्यसरी तोडफोड गरेका चैत्यहरू मध्ये एउटा चैत्य आज पनि वज्रयोगिनी मन्दिर रहेको डाँडाको बाटोमा देख्न सकिन्छ। त्यो चैत्य आधा जति ढलेको अवस्थामा त्यसै रहिरहेको छ। नेपालमा उनले कतिपय बौद्धहरूलाई हिन्दू बनाएको उनको जीवनीमा उल्लेख छ।**

**– उनले यत्ति अन्याय अत्याचार गरे कि कसैले बौद्ध भिक्षुको टाउको काटिल्याएमा उनलाई १०० दिनार (सुनको सिक्का) पुरस्कार दिने घोषणा गरेका थिए। यस्ता क्रुर एवं निर्दयी राजाको देशमा बुद्धधर्म र बौद्धहरूको अवस्था कस्तो भयो होला ?**

पालामा भएको विभिन्न कुराहरूबाट अरु प्रष्ट हुन्छ। शंकराचार्यले बुद्धधर्मलाई कस्तो कटुतापूर्ण व्यवहार गरे र वैदिक धर्मको कसरी पुनरुत्थान गरे भन्ने कुरा धार्मिक व्यक्तिहरू धेरैले सुनेका छन्। बुझेका छन्। शंकराचार्यले गरेको भनिएको त्यो विजयलाई विद्वानहरूले "दिग्विजय" नामाकरण गरेका छन्। माधवाचार्यले "शंकर दिग्विजय" भनेर मोटो किताव नै लेखेका छन्। त्यस किताबमा शंकाराचार्य र तथाकथित बौद्ध विद्वान मन्डन मिश्र एवं उनकी धर्मपत्नीका बीच भएको शास्त्रार्थबारे प्रकाश पारिएकोछ। त्यसमा उल्लेखित घटना एवं घटना विवरणहरू कति यथार्थ छन् र कति अतिशयोक्तिपूर्ण छन् भन्ने कुराको छुट्टै किसिमले विवेचना गर्नु पर्दछ। बौद्धहरूको त्यसमा आफ्नै किसिमको विचार छ।

### १८.७ शंकराचार्य र मण्डन मिश्रको शास्त्रार्थ

बुद्धधर्मलाई विगार्नमा कुमारिल भट्टले के कस्ता नीच कार्यहरू गरे भन्ने कुरा माथि उल्लेख भइसकेका छन्। उही कुमारिल भट्टको चेला मन्डन मिश्र मानिन्छ र भट्टले आफ्नो अन्तिम बेलामा आफूसँग शास्त्रार्थ गर्न आएका शंकराचार्यलाई आफू ऐले त्यसो गर्न असमर्थ भएको हुँदा आफ्नो विश्वास प्राप्त विद्वान चेला मन्डन मिश्रसँग शास्त्रार्थ गर भनेर इङ्गित गरेको वैदिक विद्वानहरू सबैलाई थाहा छ। शंकराचार्यले भट्टको उही विश्वास प्राप्त मन्डन मिश्रलाई आफ्नो प्रतिपक्षीको रूपमा लिई

शास्त्रार्थ गरे। र, शास्त्रार्थमा मण्डन मिश्र पराजित भए। मण्डन मिश्र पराजित भएकोलाई बौद्धहरू पराजित भए भनी प्रचार गरियो।

**१८.८ मण्डन मिश्र बौद्ध धर्मावलम्बी थिएनन्**

मन्डन मिश्र कुनै बौद्ध भिक्षु थिएनन् र बौद्ध वाङमयमा उल्लेख्य बौद्ध दार्शनिक विद्वानहरूको जुन नामहरू छन्, त्यसमा पनि मन्डन मिश्रको नाम पाइँदैन। साथै शंकर दिग्विजयमा शंकराचार्य मन्डन मिश्रको घरमा प्रवेश गर्दाको जुन दृश्यको वर्णन पाइन्छ, त्यो यदि सत्य थियो भने मन्डन मिश्र सच्चा बौद्ध थिए भन्ने कुरामा अरु सन्देह थपिन्छ। त्यस किताब अनुसार मन्डन मिश्रले जुन किसिमले श्राद्ध गर्दै थिए, त्यो बौद्ध शास्त्र अनुरूप भएको देखिंदैन। उनले गरेको श्राद्धको बेला फेरि कुनै बौद्ध कर्मकाण्डवालाहरू पनि कोही थिएनन्। त्यहाँ त वैदिक शास्त्रका आचार्य पुरोहित जैमिनी र व्यासको उपस्थिति भएको कुरा बताइएको छ। जैमिनी र व्यासको उपस्थितिले गर्दा पनि त्यो श्राद्ध वैदिक धर्मानुसार भएको मान्नु पर्दछ। त्यस किसिमले वैदिक पुरोहितहरू राखेर श्राद्ध गर्ने मन्डन मिश्र, बुद्धधर्मलाई नष्ट गर्नका लागि जासूस भएर प्रवेश गर्ने कुमारिल भट्टको विश्वास प्राप्त चेला मन्डन मिश्र, बौद्ध दार्शनिक विद्वानहरूको पंक्तिमा कतै नदेखिने र आफ्नो नामको साथ मिश्र भन्ने जात सगर्व जोडिराख्न चाहने मन्डन मिश्रले बुद्धधर्मको सिद्धान्त, दर्शन र विचारको प्रतिनिधित्व के कति गरे होलान्, कसरी गरे होलान् भन्ने कुरामा के प्रश्न चिह्न खडा हुँदैन र? उनी बुद्धधर्मका आधिकारिक व्याख्याता कहिल्यै भएनन्। उनी भिक्षु पनि भएनन्। उनै मन्डन मिश्रसँग शंकराचार्यले शास्त्रार्थ गरेको कुरा शंकर दिग्विजयमा वर्णन गरिएको छ। शंकराचार्यले एकजना गैर बौद्धसँग शास्त्रार्थ गरेर बुद्धधर्मको पराजय भएको कुराको सुन्दर वर्णन अतिसयोक्ति किसिमले त्यस किताबमा गरिएको छ। यिनै कुराहरूको पृष्ठभूमिमा शंकर दिग्विजयको सत्यासत्यमाथि समीक्षा गर्नु, मूल्यांकन गर्नु के न्यायोचित नहोला र ? यी सबै कुराहरूलाई दृष्टिगत गर्दा त्यसबेला बुद्धधर्मलाई हिन्दूधर्मको शाखा मानेको भए ती सबै प्रपञ्च गरिराख्नु पर्थ्यो र ? यसबाट पनि प्रष्ट हुन्छ कि त्यसबेलाका विद्वानहरूले बुद्धधर्मलाई हिन्दूधर्मको शाखा मानेका थिएनन्।

**१८.९ शंकराचार्यको नेपालमा ध्वंसात्मक कार्य**

इतिहासकारहरूका अनुसार शंकराचार्यले भारतमा दिग्विजय गरेपछि उनी नेपाल आए। उनले यहाँ आफ्नो धर्म स्थापना गर्न तथा बुद्धधर्मलाई दबाउन अनेक हरकत गरे। उनले यहाँ भएका अमूल्य बौद्धशास्त्रहरू च्यातेर जलाए। उनले चैत्य र विहारहरू तोडफोड गरी ध्वंसात्मक कार्य गरे। त्यसरी तोडफोड गरेका चैत्यहरू मध्ये एउटा चैत्य आज पनि वज्रयोगिनी मन्दिर रहेको डाँडाको बाटोमा देख्न सकिन्छ। त्यो चैत्य आधा जति ढलेको अवस्थामा त्यसै रहिरहेको छ। नेपालमा उनले कतिपय बौद्धहरूलाई हिन्दू बनाएको उनको जीवनीमा उल्लेख छ। उनले देवपतनबाट बौद्ध आचार्य हटाएर वैदिक पद्धति अनुसार पूजाविधि चलाएर पशुपतिनाथमा दक्षिण भारतका ब्राह्मण पूजारी राख्ने व्यवस्था गरे। जुन आज पनि यथावत चलिरहेको छ। त्यसबेला नेपालका बौद्धहरूले धेरै यातना भोग्नुपर्‍यो। आपद् विपद् सहनुपर्‍यो। बौद्धहरूलाई विहारबाट निष्कासित गरिए। त्यसबेलाको अमानवीय एवं ध्वंसात्मक व्यवहारको विवरण तयार गर्ने हो भने एउटा छुट्टै किताब तयार हुन्छ होला। तर त्यतातिर जाने यस लेखको उद्देश्य होइन। उनले एकातिर त्यसरी बौद्धशास्त्र नष्ट गरी बुद्धधर्म माथि दमन गरे भने अर्को तर्फ बुद्धधर्मका कतिपय कुरा आफ्नो वेदान्त दर्शनमा घुसाएका छन्। उनले त्यसरी घुसाएकाले उनलाई "प्रच्छन्न बुद्ध" भन्ने गरिएको छ।

**१९. भारतका राजाहरूबाट गरिएका अन्याय-अत्याचार**

हिन्दू धर्ममा माथि उल्लेखित विशिष्ट व्यक्तिहरूबाट भगवान् बुद्ध र बुद्धधर्ममाथि गरेका दुर्व्यवहारका सम्बन्धमा जानकारी लियौं । अब हिन्दू राजा महाराजाहरूले बुद्धधर्म र बौद्ध धर्मावलम्बीहरूलाई के कतिसम्म अन्याय अत्याचार गरे त्यसबारे संक्षिप्त प्रकाश पार्ने प्रयास गरिन्छ।

**१९.१ मगधका राजा पुष्यमित्र शुङ्गले भिक्षुको टाउकोको मूल्य तोकेका थिए**

त्यसरी बुद्धधर्मको दमन गर्न धार्मिक व्यक्तिहरू मात्र लागेका होइनन्, त्यसबेलाका राजाहरूले पनि बुद्धधर्म पतन गर्न अनेक आततायी कार्य गरेका इतिहासमा लेखिएको छ। भारतका सम्राट अशोकले बुद्धधर्मलाई विश्वव्यापी बनाउन ठूलो योगदान गरेका थिए। उनले सद्धर्मको प्रचारार्थ टाढा टाढा सम्म धर्मदूतहरूको टोली पठाएर प्रचार प्रसारमा महत्त्वपूर्ण भूमिका खेलेका थिए। उनले त्यसरी बुद्धधर्मको प्रचार प्रसार गरेको कतिपय सनातनी पण्डितहरूलाई सह्य भएको थिएन। उनीहरू कसरी त्यो कार्य रोक्ने भन्ने ताकमा थिए। कुर्दाकुर्दै धेरै समय बित्यो। पछि त्यस वंशका अपेक्षाकृत कमजोर राजा बृहद्रथले शासन सम्हाले। अबसरको खोजीमा बसिरहेका ब्राह्मण पण्डितहरूले उनकै सेनापति पुष्यमित्रको नेतृत्वमा छलकपट गरी राजा बृहद्रथमाथि सांघातिक हमला गरी राजाको हत्या गरेर राजगद्दी आफ्नो हात पारे। र पुष्यमित्र शुङ्ग राजा भए। राजा हुनासाथ पुष्यमित्र शुङ्गले बौद्धहरूमाथि अनेक किसिमले दमनचक्र चलाए। उनले बुद्धधर्मको पतन गराउन के कस्ता दुस्चक्र चलाए त्यो कुराको वर्णन प्राचीन भारतको इतिहासमा उल्लेख गरिएको छ। उनले यस्तो वातावरणको

सिर्जना गरे कि बौद्धहरू उनको राज्यमा टिक्नै नसक्ने अवस्था आयो। उनले यत्ति अन्याय अत्याचार गरे कि कसैले बौद्ध भिक्षुको टाउको काटिल्याएमा उनलाई १०० दिनार (सुनको सिक्का) पुरस्कार दिने घोषणा गरेका थिए। यस्ता क्रुर एवं निर्दयी राजाको देशमा बुद्धधर्म र बौद्धहरूको अवस्था कस्तो भयो होला?

### १९.२ राजा शशाङ्कद्वारा बोधिवृक्ष जलाए

राजा शशाङ्क हिन्दूस्थानका ती राजाहरू मध्ये एक हुन जसले बुद्धधर्म र बौद्धहरू माथि घोर अन्याय र अत्याचार गरेका थिए। उनले गरेका त्यस्ता आततायी कार्यको प्रशिद्ध चिनीया तीर्थयात्री हुयनसाङ्गले आफ्नो यात्रा वर्णनमा उल्लेख गरेका छन्। हुयन साङ्गले आफ्नो यात्रा वर्णनमा राजा शशाङ्कले बुद्धधर्मको तहस-नहस गर्ने क्रममा बुद्धगयाका विहारहरू निर्ममतापूर्वक भत्काए। त्यति मात्र होइन, उनले बौद्धहरूको आस्थाको केन्द्रको रूपमा रहेको बोधिवृक्ष उखेलेर जलाएका थिए। उनले धेरै बौद्धहरूको हत्या समेत गरेको हिन्दूस्थानको इतिहासमा उल्लेख छ। उनको यस्तो अमानवीय एवं निर्दयी कार्यले बौद्धहरू अत्यन्त मर्माहत भएका थिए। बोधिवृक्ष समेत जलाउने, विहारहरू भत्काउने अविवेकी राजाले साधारण बौद्धहरूलाई के कस्तो व्यवहार गरे होलान्, त्यो सम्झदा अहिले पनि मन छिया-छिया हुन्छ।

### १९.३ राजा सुधन्वाको अन्याय अत्याचार

इतिहास हेर्दा त्यसबेला बुद्धधर्मको पतन गर्न/गराउन राजाहरूमा एक किसिमको प्रतिस्पर्धा भएको थियो। सुनियोजित षड्यन्त्र भएको थियो। त्यसैले एक राजाभन्दा अर्को राजा निर्दयी एवं निष्ठुरीका रूपमा प्रस्तुत भएर बुद्धधर्म र बौद्धहरू माथि सांघातिक हमला गर्ने गर्दथे। कतिपय राज्यहरूबाट बौद्धहरू भागाभाग भएका थिए। उनीहरू आफ्नो श्रीसम्पत्ति र कतै परिवार समेत छोडेर यत्रतत्र जानुपरेको थियो। रुवावासी मच्चिएको थियो। यत्तिसम्म कि उनीहरू मध्ये धेरैले आफ्नो धर्म र जातजाति समेत लुकाएर बस्न बाध्य भएका थिए। त्यस्तो अन्याय-अत्याचार गर्नेमा राजा स्कन्द गुप्त, राजा सुधन्वा पनि धेरै अगाडि थिए। सुधन्वाले शंकराचार्यको साथ लागेर तथा शंकराचार्यको सहयोगी भएर बौद्धहरू माथि अत्यन्त क्रुर व्यवहार गरेका थिए। राजा सुधन्वा र शंकराचार्यले बौद्धहरू माथि गरेका हत्या र आतङ्कको घटनाबाट इतिहास रक्तरंजित भएको छ।

### १९.४ अन्य राजाहरूको आततायी कार्यहरू

हिन्दूस्थानमा त्यस्ता राजाहरू धेरै थिए। उनीहरू मध्ये महाराष्ट्रको चालुक्यास वंशका पुलाकीसीन पनि एक हुन् जसले अमरावतीमा अवस्थित बुद्ध विहारहरू भत्काएका थिए। एक पटक सिंध राज्यमा साहसी नामका एक राजा थिए। उनको देहान्त भए पछि उनका ब्राह्मणमन्त्री चच भन्नेले विधवी रानीसँग विवाह गरेर राज्य चलाए। त्यसरी राज्य चलाए पछि उनले धेरै बौद्ध जात जातिको अधिकार खोसेर उनीहरूलाई निम्न जातिमा परिणत गरे, निरिह बनाए। यस्ता धेरै घटना छन् जसको वर्णन गरेर साध्य नै छैन। इतिहासमा उनीहरूले मात्र होइन, अन्य केही राजाहरूले पनि दमनचक्र चलाएर बुद्धधर्मको पतन गर्ने/गराउने कार्य गरेका थिए।

एकातिरको स्थिति त्यस्तो देखिन्छ भने अर्कोतिर उनीहरूकै सहधर्मी सहयोगीहरूले ती केही पनि कुरा थाहा नपाए झैँ गरी व्याख्या गर्ने गरेका छन्। उनीहरूले एकतर्फी रूपमा बुद्धधर्म हिन्दू धर्मको शाखा हो र भगवान् बुद्ध विष्णुको अवतार हो भनी झ्याली पिट्दै हिँड्ने गरेका छन्। त्यस बेलाका राजाहरूले बुद्धधर्म हिन्दू धर्मको शाखाको रूपमा लिएका भए र भगवान बुद्धलाई विष्णुको अवतार मानेका भए आफ्नै धर्मको शाखाको विरुद्धमा त्यस्तो निर्दयी, निन्दनीय एवं अमानवीय व्यवहार गर्ने नै थिएनन्। कतिपय इतिहासकारहरूले पुष्यमित्र, शशांक, सुधन्वालगायतका राजाहरूका ती कायरतापूर्ण कार्यलाई अमानवीय मात्र होइन, दानवीय कार्य समेत भनेका छन्। उनीहरूले त्यस्तो दानवीय कार्य गरेकाले यो प्रष्ट हुन्छ कि त्यसबेला यो अवतार र शाखाको अवधारणा छँदै थिएन र उनीहरूले त्यो अवधारणा मानेका पनि थिएनन्।

### २०. नेपालमा बुद्ध धर्मको प्रारम्भिक काल

भारतमा जस्तै नेपालमा पनि बुद्धधर्मको प्रारम्भिक काल अत्यन्त सुखद् रहेको थियो। शाक्यमुनि बुद्धको समकालीन राजाका रूपमा किराँती राजवंशका सातौं राजा जितेदाँस्ती मानिन्छ। राजा जितेदाँस्तीको पालामा शुरु भएको बुद्धधर्म लिच्छवि कालमा खूब फष्टाएको थियो। लिच्छवि राजाहरूमा वृषभदेवको नाम उच्च थियो। मानदेव प्रथम, मानदेव द्वितीय देखि अरु धेरै राजाहरूले चैत्य विहारहरू निर्माण गरेका थिए। लिच्छवि कालमा २० भन्दा बढी विहारहरू निर्माण भइसकेको इतिहासमा देखिन्छ। त्यसका अतिरिक्त, विशाल काय भएको स्वयम्भू चैत्य, बौद्धनाथ चैत्य र नमोबुद्ध चैत्यहरू त्यसैबेला निर्माण गरिएको थियो। त्यसबेलाका राजा र राजाका नातेदारहरू अर्थात् दरवारका सदस्यहरू पनि बौद्ध भिक्षु हुने गरेका इतिहासमा लेखिएको छ। बौद्ध कालमा नेपालको खूब उन्नति भएको थियो। त्यसबेला देश ठूलो भूभागमा फैलिएको थियो। यहाँका कला कौशलको ख्याति टाढा-टाढासम्म पुगेको थियो। देश स्वतन्त्र र स्वावलम्बी थियो। मानिसहरू सुखी र सम्पन्न थिए। ती सबै भएकाले इतिहासकारहरूले लिच्छवि काललाई "स्वर्ण युग" भन्ने गरेका छन्।

क्रमशः.....

# “बुद्धकालीन नेपाली विश्वकोश” को बिक्री वितरण सुभारम्भ



धर्मप्रेमी सबैमा छुटाउनै नहुने सदा सङ्ग्रहणीय एवं पठनीय ग्रन्थ “**बुद्धकालीन नेपाली विश्वकोश**” यस वीर-पूर्ण पुस्तक संग्रहालयबाट बिक्री वितरणको प्रारम्भ भएको सहस्र जानकारी गराउँदछौं ।

आजभन्दा साढे चारदशकअघि आचार्य डा. अमृतानन्द महास्थविरबाट बुद्धवचन त्रिपिटकमा आधारित व्यक्ति, पात्रका आधारमा प्रणीत गर्नुभएका बुद्धकालीन ग्रन्थहरू हाल बजारमा उपलब्ध नभएकोले हामीबाट **बुद्धकालीन नेपाली बिश्वकोश** नामाङ्कन गरी पाठकहरू समक्ष ल्याएका छौं, जुन नेपाली भाषालगायत बिश्वका कुनै पनि भाषामा समेत आजसम्म पुस्तक लेखिएका छैनन् ।

यस्ता विश्व कोशको अध्ययनबाट सक्कली नक्कली कुरामा वा अनावश्यक भ्रम वा विश्वासमा वा कसैको स्वार्थ वा बहकाउममा अल्भिन नपरी आफ्नो जीवन व्यर्थमा गुमाउन वा भड्कनबाट जोगिन सकिनाका साथै परियत्ति शिक्षा अध्ययन र अभ्यासका लागि र धर्ममा स्वावलम्बी बन्न जीवन उपयोगी हुन्छ नै, त्यसका साथै आफू लगायत आफ्ना सन्ततिलाई समेत अन्धधर्म वा अन्य धर्ममा बिस्तारै नजानिंदो तरिकाले लागिरहनुबाट समेत जोगाउन सकिनेछ ।

यस्ता जीवनमा बहु उपयोगी विश्वकोश पुरै ग्रन्थसेट तेन्ह हजार बढि पृष्ठको २७ थानको सेट पुस्तकको मूल्य १०,०००/- निर्धारित छ । परन्तु सुभारम्भ बिक्री वितरणमा २०% छुट मा रु. ८,०००/- मा धमाधम बिक्री हुँदैछ । हाल १३ थानको पहिलो खेपको सेट बुझ्न हुँदा पूरा मूल्य अग्रीम बुझाउनु हुन अनुरोध छ । बाँकी दोस्रो खेप निकट भविष्य (३/४ महिना भित्र) मा उपलब्ध गराइने हुँदा बाँकी सेट पाउनेमा ढुक्क हुनुहोला । आफूलाई पायक पर्ने निम्न एक स्थान मध्येबाट पुस्तक उठाउन हुन हार्दिक अनुरोध गर्दछौं । धन्यवाद ।

अग्रीम नाम लेखाइ सकेकाले समेत अविलम्ब सम्पर्क राख्नु होला । मौकाको सदुपयोग गर्नुहोला ।

**पुस्तकका लागि सम्पर्क व्यक्ति तथा स्थानः**

१. भिक्षु धर्ममूर्ति महास्थविर
आनन्दकुटी विहार, स्वयम्भू, काठमाडौं ।
मोबाइल नं. ९८४१२७७८६०
२. भिक्षु कोण्डन्य, मो. ९८५१०४६१८८
बुद्धविहार, भृकुटीमण्डप, काठमाडौं ।
३. भिक्षु बोधिज्ञान, मो. ९८५११६७५२५
विश्वशान्ति विहार, नयाँ बानेश्वर, काठमाडौं ।
४. अ. अग्गञाणी गुरुमां, मो. ९८४१४६१२२६
अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूल ।
५. मदनरत्न मानन्धर, मो. ९८५१०३००८५
धर्मकीर्ति विहार, श्रीघः, काठमाडौं ।
६. रत्नसुन्दर शाक्य, मो. ९८४१७१९७४४
थालाछेँ, नागपोखरी, भक्तपुर ।
७. दुण्डबहादुर वज्राचार्य, प्रकाशन प्रमुख
वीर-पूर्ण पुस्तक संग्रहालय, गाःबहाल, ललितपुर
मो. ९८४१२१७४२९

क्रमशः....

# शीघ्र स्वास्थ्य लाभको कामना !

चिरं जीवतु संघनायको, सुखिता निरूपद्दवो ।
खेमी अवेरी अभयो, निद्दुक्खो रोगमुत्तको ॥



हाल बिरामी भई अस्पतालमा उपचारत नेपालका पूज्यपाद संघनायक,
अग्गमहासद्धम्मजोतिकधज, बुद्धशासनिक व्यक्तित्व, भाषाथुवा
**भिक्षु अश्वघोष महास्थविरको**
सुस्वास्थ्य तथा दीर्घायूका लागि सोको रोगो विनस्सतु भनी
मैत्री कामना गर्दछौं ।

प्रार्थी
अखिल नेपाल भिक्षु महासंघ
आनन्द कुटी विहार परिवार, स्वयम्भू
बुद्धविहार भृकुटीमण्डप परिवार
आनन्द भूमि परिवार

**सन्दर्भ सातौं गुणस्मरण दिवस**

# त्रिपिटकाचार्य श्रद्धेय कुमार भन्तेको संक्षिप्त जीवनी

**✍ देवप्रसाद वज्राचार्य, सिल्खावटोल, तानसेन-पाल्पा**

**– नेपालका पूर्व संघउपनायक, अखिल नेपाल भिक्षु महासंघका पूर्व अध्यक्ष र अन्य धेरै संघसंस्थाहरुमा सम्बद्ध हुनुभएका दया, करुणा र समानताका प्रतिक, मिलनसार मृदुभाषि बालब्रह्मचारी पूजनीय भन्ते कुमार काश्यप महास्थविर बुद्धशासनमा लगातार ७० वर्ष सेवा गर्नुभएका उहाँ वि. सं. २०६८ फागुन १४ गते यस धर्तीबाट सदा सदाका लागि अस्ताए ।**

नेपालको पहिलो र अहिलेसम्मको एक मात्र त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविर, राष्ट्रियस्तरमा मात्र नभई अन्तर्राष्ट्रियस्तरमा पनि ख्याति कमाएका विद्वान भिक्षु, जसले नेपालमा थेरवाद बुद्धधर्म पुनर्जागरण, संरक्षण, उत्थान र बुद्धशाशनलाई चिरस्थायी गर्न आफ्नो सम्पूर्ण प्रव्रजित जीवन समर्पित गर्नुभयो । उहाँको संक्षिप्त जीवनी यहाँ प्रस्तुत गर्दछु । वहाँले आफ्नो जीवन कालमा दुई किसिमको जीवन यापन गर्नुभएको थियो । पहिलो अष्टमान शाक्यको रूपमा गृहस्थ जीवन र दोस्रो श्रामणेर तथा भिक्षु कुमार काश्यपको रूपमा प्रव्रजित जीवन ।

**गृहस्थ जीवन :**

पाल्पा, तानसेनको टक्सार टोलमा पिता सन्तमान शाक्य र माता तेजलक्ष्मी शाक्य (पछि मुदिता गुरूमा) को कोखबाट वि. सं. १९८३ साल श्रावण १८ गते जन्मेर गृहस्थ जीवन सुरू भएको थियो । ३, ४ वर्ष नहुँदै पिता सन्तमान शाक्य झाडापखाला रोगको कारणले दिवंगत भएर ठूलो आघात पुगेको थियो । आफ्नो पितालाई चिन्न नपाउँदै शिशुकालबाट नै पिताको वात्सल्यबाट वन्चित हुनुपऱ्यो । कमाएर खुवाउने पिताको देहान्तपछि आमा तेजलक्ष्मीलाई बच्चाको लालनपालन गर्न पनि ठूलो समस्या पऱ्यो । भन्तेको माउलो मेरै (लेखककै) घर हो, आमा तेजलक्ष्मीको एक्लो दाज्यू रत्नप्रसाद वज्राचार्य जो मेरो बाजे र भन्तेज्यूको मामा हो । उहाँको ठूलो सहयोगले र ठूलो कष्ट सहेर आमा र मामाबाट शिशुको जसोतसो लालनपालन भयो । केही वर्ष माईतमैं बसेर गुजारा गर्नुपऱ्यो । माउलपक्ष पनि सम्पन्न नभएको त्यसबेलाको कालीगढी भाँडाकुँडा बनाउने कामबाट अति न्यून आय हुने । दिनभर कमाएको पैसाले साँझको छाकटार्न पर्ने सम्मको दयनीय अवस्था थियो । यो अवस्था हेर्न नसकी आमा तेजलक्ष्मीको फुफाज्यू (मामा) तथा भन्तेको



बाजे गृहमान र मामा पद्ममान शाक्य टुँडिखेलको परिवार त्यसबेलाको सम्पन्न परिवारमा मानिन्थ्यो, वहाँहरूको सद्भाव तथा मायाले आफ्नो परिवारमा राखी भरणपोषण भयो । शाक्य वज्राचार्यका बालकहरू किशोरावस्थामा पुगेपछि चुडाकर्म (व्रतवन्ध) गर्न अनिवार्य

थियो । घरवार बेचेर भएपनि बालकको व्रतवन्ध काठमाडौंको आफ्नो बहालमा जानुपर्ने भएकोले शायद त्यस्तै व्यवस्था मिलाई अष्टमानको १० वर्षको उमेरमा काठमाडौं आफ्नो बहालमा चुडाकर्म कार्य सम्पन्न भयो । बालककालमा तानसेनबाट राजधानी काठमाडौं नयाँ ठाउँ हेर्न पाउँदा जोकोही पनि आश्चर्य मान्नु, खुशी हुनु स्वभाविक थियो । त्यस्तै रमाईलो अनुभव गरी पुनः तानसेनमा फर्केर कहिले टक्सारको माउलो घर त कहिले भिमसेनटोल टुँडीखेलमा बिताउन थाल्नुभयो । किशोरावस्थामा पुगेपछि केही केही बुझ्ने, जान्ने सुन्नेभयो । उक्त अवस्थादेखिनै आफ्नो गृहस्थी जीवनको दुःखको अनुभूति हुनथाल्यो । भन्तेज्यूले भन्नुहुन्थ्यो टक्सार माउलो बस्दा भाँडा कुन्ने कामको चर्खा चलाउने काम गर्थे । काम खोज्ने क्रममा केही समय नारायण टोलको अनन्तराज शाक्य, हाल छत्रराज शाक्यको घरमा सुनचाँदीको काम सिक्ने पनि गर्नुहुन्थ्यो । आनन्द विहार नजिक भएकोले आमा तेजलक्ष्मी बराबर विहारमा जाने र भन्ते गुरुमांहरूको सत्संगत गर्ने गर्नुहुन्थ्यो । त्यसबेला नेपालको पहिलो संघनायक भिक्षु प्रज्ञानन्द महास्थविर, आनन्द विहारमा वर्षावास बस्न आउनुभएको बेला वहाँको धर्मोपदेशबाट प्रभावित भई आमा तेजलक्ष्मी शाक्यले आफ्नो छोरा अष्टमान शाक्यलाई पनि धार्मिक वातावरणमा राखी बर्मा देशमा अध्ययन गराउन पाए आफ्नो छोराको जीवन सहज र सरल हुने ठानी प्रज्ञानन्द भन्तेलाई सुम्पिनुभयो । त्यसबेला भन्ते भर्खर १६ वर्षको हुनुभएको थियो । यो उमेरमा नै उहाँले दुःखसत्यको अनुभव गरिसक्नुभएको थियो र भन्ते प्रज्ञानन्दको धर्मदेशनाबाट प्रभावित भई सम्पूर्ण दुःखबाट मुक्त हुने निर्वाण धर्मलाई अनुशरण गर्नेछु भनी गृहस्थ जीवन त्याग्नुभयो ।

**प्रव्रजित जीवन :**

भिक्षु प्रज्ञानन्दको साथमा भारतको कुशिनगरमा वि.सं. १९९९ मा ऊ. चन्द्रमणी महास्थविरको उपाध्यायत्वमा र भिक्षु प्रज्ञानन्दको आचार्यत्व (गुरू) मा श्रामणेरदीक्षा प्राप्त गरी श्रामणेर कुमारको रूपमा प्रव्रजित जीवनको थालनी गर्नुभयो । भन्तेको १६ वर्षको गृस्थजीवनमा दुःखैदुःख र कष्टको सामना गर्नु परेको थियो । श्रामणेर भएपछि भिक्षु प्रज्ञानन्द महस्थविरले आफ्नो साथमा काठमाडौं ल्याउनुभयो भने स्वयम्भू नजिक दक्षिणतर्फ किण्डोल बहाल (पौवा) मा बस्ने व्यवस्था भयो । त्यसबेला भिक्षुहरूलाई अहिलेको जस्तो सुविधा विहार थिएन । सुत्ने व्यवस्था, पौवाको एक तलामाथि सानो कोठा ठाडो उभिन नमिल्ने होचो बुईंगलमा थियो । भोजनको राम्रो व्यवस्था थिएन । त्यसबेला बाहाल (पौवा) मा भिक्षु प्रज्ञानन्दको साथमा भिक्षु शाक्यानन्द, भिक्षु अमृतानन्द, भिक्षु धम्मलोक र केही श्रामणेरहरू पनि थिए । भोजनका लागि श्रामणेरहरू पालोपालो गरी त्यँहाबाट हिँडेर असन, इन्द्रचोकसम्म भिक्षा माग्न जानुपर्थ्यो । त्यसबेला भिक्षा पनि सजिलोसँग प्राप्त हुँदैन थियो । २/३ घण्टा घुम्दा पनि मुस्किलले २/३ माना चामल र केही पैसा मात्र प्राप्त हुन्थ्यो । त्यसका लागि पनि बजारमा हिँड्ने मानिसहरूले अनेक तरहले गाली गर्ने जिस्काउने गर्दथे । चीवर पनि राम्रो नहुने धेरै ठाउँमा च्यातिएर टालो लगाएको हुने भएकोले कोहिले त पागल पनि सम्झन्थे । त्यहाँ करिब डेढ वर्ष बिताउँदा भिक्षु शाक्यनन्दबाट पाली भाषा सुरू गरी अन्य भन्तेहरूबाट घर्मसम्बन्धी अरू कुराहरू सिक्ने गर्नुभयो । त्यस विहारमा भिक्षु प्रज्ञानन्द र भिक्षु अमृतानन्दबाट फरक ढंगले धर्मको चर्चा परिचर्चा हुन थाल्यो र त्यसबेलाको जनमानस अत्यन्तै प्रभावितभई उपदेश सुन्न आउनेहरूको घुँईचो लाग्न थाल्यो । यो कुरा विरोधीहरूले जो त्यसबेलाको राणाशाशकहरूको नजिक हुनेहरूले धर्ममा आफ्नो प्रभाव कम हुने डरले अनेक चुक्ली लगाई अनेक किसिमले दुःख दिन थाल्यो । यतिसम्म कि विहारमा बुद्धपूजा गर्न नपाउने, नेवारी भाषामा लेख्न नपाउने आदि विभिन्न नियमहरू बनाई भिक्षुको प्रभावलाई निस्तेज गर्ने प्रयास भयो । देशनिकाला गर्न धम्कीहरू पनि आउन थाल्यो । वर्षायाममा भिक्षुहरू एकै ठाउँमा बसोवास गर्नुपर्ने त्यसबेला भिक्षु धम्मालोकले सिंहमरमरको बुद्धमूर्तिसहित नेपालमा प्रवेश गरेको थाहा पाई जुद्धशमशेर महाराजसमक्ष ४ जना भिक्षु ४ जना श्रामणेरलाई हाजिरी गराई, अपमानित गरी महाराजअगाडि विन्ती भावमा उभ्याई २००१ श्रावण १५ गते ८ जना भिक्षु श्रामणेलाई देश निकाला गर्ने घोषणा गरी एक जना भिक्षुको पछाडी २ जना प्रहरी लगाई चन्द्रागिरि पहाड नघाई उपत्यकाबाट

निकाला गर्दा भिक्षु कुमार त्यसबेला श्रामणेर कुमार नै थियो । काठमाडौंबाट निकाला गरेपछि श्रामणेर कुमार, भिक्षु प्रज्ञानन्द, भिक्षु प्रज्ञारश्मीसँग भारतको कालिङ्गपोङ्गतिर जानुभयो । त्यहाँको जीवन पनि अत्यन्तै कष्टकर भयो । सुत्ने ठाउँको ठेगाना नहुने खानाका लागि दाता भाजुरत्न कंसाकारले जिम्मा लिएता पनि भान्से सुसारेहरूको संकुचित व्यवहारले खाना पेटभरी खान नपाउने । राती भोक लाग्दा रोएर बिताउनुबाहेक अरू उपाए हुँदैन थियो । करीब ६ महीनासम्म अति कठिन परिस्थितिलाई सहन गर्न नसकी सारनाथमा बसिरहनु भएका भिक्षु अमृतानन्दलाई आफूले भोगिरहेको समस्या अवगत गराई पत्र लेख्नु भएपछि जीवनमा अर्को मोड आयो । यहाँको समस्यालाई हृदयंगम गरी भिक्षु अमृतानन्दले उहाँलाई सारनाथ झिकाई श्रीलंकाका तीर्थयात्रीहरूको साथ लगाएर श्रीलंका पठाइ दिनुभयो । पहिले पन्तिय मातृय मातुविहार र त्यसपछि वजिरा राम विहार हुँदै विद्यालंकार परिवेणमा धर्माध्ययन गर्नुभई ६ महिनामा सिंहली भाषामा कथा वाचन गर्न सिक्नुभयो । नयाँ देश बेग्लै संस्कृति रहन सहनमा भिज्न केही समय लाग्यो । एक्लो नेपाली श्रामणेर नेपाल बारे केही थाहा नभएका, केही अरू श्रामणेरहरूले गरिब देश, समुन्द्र पनि नभएको देशबाट आएको भनी होच्याउने जिस्काउने गर्थे । धेरै श्रामणरेहरू भएकोले त्यहाँ पनि खाना नास्ता पर्याप्त नपाइने भएपनि धर्माध्ययनका लागि धेरै कुराहरू सहेर अध्ययन गर्नुभयो । समय बित्दै जाँदा साथीहरूसँग हेलमेल भएपछि केही राहत भयो । यस प्रकार अनेक दुःखकष्ट सहेर ६ वर्षसम्म श्रीलंकामा बसी २००८ सालमा अध्ययन विदामा नेपाल फर्कनुभयो त्यही साल कार्तिक २८ गते (सन १९५१ नोभेम्वर १३) का दिन आनन्दकुटीको सीमागृहमा २९ जना देशविदेशका भिक्षुहरूको उपस्थितिमा उपसम्पदादीक्षा प्राप्त गरेपछि श्रामणेर कुमार भिक्षु कुमार काश्यप बन्नुभयो । अध्ययनलाई निरन्तरता दिन उपसम्पदादीक्षा प्राप्त गर्ने वित्तिकै पुनः श्रीलंका फर्कनु भई करिब २०११/१२ साल सम्ममा परिवेणमा प्रारम्भ, प्राचीन, मध्यम र अवसान सम्पूर्ण शिक्षा उत्तीर्ण गरी त्रिपिटकको अध्ययन गरी सुत्तपिटक, विनय पिटक र अभिधम्म पिटकको परीक्षा दिई त्रिपिटकाचार्य


## वृद्धाश्रमलाई सहयोग



**दिवंगत भिक्षु सुमंगल महास्थविरबाट स्थापित तथा हाल बुद्धविहार भृकुटीमण्डपबाट संरक्षित बनेपाको बौद्ध वृद्धाश्रमलाई भौतिक पूर्वाधार, आश्रम संचालनार्थ कुनैपनि रुपमा श्रद्धालु दाताहरुबाट सहयोग गर्न सक्नुहुन्छ, यहाँहरुको आर्थिक सहयोगले मात्र आश्रमलाई निरन्तरता दिन सकिने भएकाले वृद्धाश्रम सहयोगको अपेक्षा राख्दछ ।**

**यसैक्रममा वृद्धाश्रमका लागि सहयोग गर्ने निम्न दाताहरुलाई वृद्धाश्रमको तर्फबाट हार्दिक साधुवाद व्यक्त गर्दछ ।**

१) Susan Weit 3047 Whitmose Avenue Regina Saskatchewan Canada 545, B7 Santosh Dahal **बाट प्राप्त सहयोग –** चामल – १ बोरा, चिउरा – १ बोरा, तेल – १० लिटर, चिनी – १० केजी, चना ५ केजी, केराउ – ५ केजी, दाल – १० केजी, नुन – १० प्याकेट, चियापती – ३०० ग्राम, मसला जिरा – १ केजी ।

२) सविता शाक्य प्राप्त सहयोग – ब्लांकेट – १ थान, खास्तो – १ थान

३) दिवंगत पिता जितबहादुर लगायत कृष्णदेवी, हेरादेवी, रत्नदेवीको स्मृतिमा श्रीमती सुर्जदेवी चित्रकार, मैतीदेवीबाट रू. १०,०००/- ।

**मैत्रीपूर्ण शुभेच्छासहित : आश्रमको सहयोगार्थ सबै महानुभावहरुले सम्पर्क गर्न सक्नुहुनेछ –**

**अध्यक्ष, भिक्षु कोण्डन्य**

**बौद्ध वृद्धाश्रम, बनेपा**

फोनः ०११-६६२८४९, (तीन दोबाटो हुँदै नालाजाने ध्यानमार्ग)

नगर सम्पर्क : बुद्धविहार भृकुटीमण्डप, फोनः ९८५१०४६१८८, ४२२६७०२

**सल्लाहकार : दैवज्ञराज कायस्थ, बनेपा**

**फोनः ९८४३०२०६४६**

बन्नुभयो । नेपालको पहिलो र अहिले सम्मकै एक मात्र त्रिपिटकाचार्य भई नेपालको नै गौरव बढाउनुभयो । त्यसपछि नेपालमा धर्मप्रचार प्रसारका लागि भिक्षु अमृतानन्दले पत्राचार गरी भिकाउनुभयो । धर्मोदय सभाको निमन्त्रणामा २०१३ सालमा भएको चौथो विश्ववौद्ध सम्मेलनमा सहभागी हुनुभयो । त्यसपछि भारतको सारनाथमा करिब ४ वर्ष भारतका त्रिपिटकाचार्य भिक्षु जगदीश काश्यपसँग मिलेर नालन्दा पाली त्रिपिटकका ग्रन्थहरूलाई देवनागरी लिपिमा सम्पादन गर्ने ऐतिहासिक काम गर्नुभयो । २०१७ सालमा पन्चायती व्यवस्था सुरुभएको बेला भिक्षु कुमार काश्यप नेपालमा आई आन्दकुटी विद्यापीठमा अध्यापन कार्यमा लाग्नु भयो । करीब २० बर्ष सम्म विद्यापीठको सुपरिटेन्डेन्ट लगायत विभिन्न पदमा बसी शिक्षा क्षेत्रमा सेवा गर्नु भयो । आनन्दकुटी विहारमा भिक्षु अमृतानन्दसँग करिब ३० वर्ष बिताउनुहुँदा भिक्षु अमृतानन्द महास्थविरलाई तनमनले सहयोग गर्नुभएको थियो खास गरी बुद्धकालिन ग्रन्थहरू प्रकाशन गर्न । भिक्षु अमृतानन्दको देहावसानपछि आनन्दकुटी विहार प्रमुखको जिम्मेवारी निभाउनुभयो । आफ्नो दोस्रो जीवन कार्यकाल बुद्धधर्मसँग सम्बन्धित अनेक कृतिहरू जसमा दशपारमिता प्रमुख र अनेकलेख रचना पत्र पत्रिकामा प्रकाशित गर्नुहुने, नेपालका पूर्व संघउपनायक, अखिल नेपाल भिक्षु महासंघका पूर्व अध्यक्ष र अन्य धेरै संघसंस्थाहरूमा सम्बद्ध हुनुभएका दया, करूणा र समानताका प्रतिक, मिलनसार मृदुभाषि बालब्रह्मचारी पूजनीय भन्ते कुमार काश्यप महास्थविर बुद्धशासनमा लगातार ७० वर्ष सेवा गरी जीवनको अन्त्यतिर मधुमेह रोगका कारण डायलोसिस उपचार गर्नुपर्ने भएकोले आनन्दकुटी विहारबाट भृकुटीमण्डपको बुद्धविहारमा भिक्षु कोण्डन्यको नेतुत्वमा अन्य भिक्षुश्रामणेरहरूको समेत सेवा उपलब्धभयो । तानसेनबासी हामी उहाँका न्याति बन्धुहरू टाढा भएको कारणले सेवा गर्ने अवसर मिलेन र आखिरमा २०६८ साल फागुन १४ गते तदनुसार चैत्र कृष्ण पक्ष चतुर्थी तिथिका दिन ८५ वर्षको उमेरमा दिवंगत हुनुभयो । आज उहाँ दिवंगत भएको सातौं गुणानुस्मरण दिवसको सन्दर्भमा वहाँको सुगतिसहित निर्वाणको कामना गर्दछु ।

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।**
**उपज्भित्वा निरुज्भन्ति तेसं वुप समोसुखोति ।।**

♦



# चाबहिलको लिच्छविकालिक शिलालेख १



✍ डा. महेशराज पन्त

**– चाबहिलको यो शिलालेख वृषदेवको पालाको मान्ने हो भने परिव्राजकवंशले शासन गरेको देशमा भन्दा पहिले बार्हस्पत्य मानको संवत्सरपद्धति नेपालमा चलेको थियो भनी मान्नुपर्छ । नेपालमा यो वर्षमान चलेपछि परिव्राजकवंशले त्यसको अनुशरण गर्‍यो भनी कल्पनासम्म पनि गर्न सकिन्न ।**

**– फ्लिन्टको २४ संख्याको अभिलेखमा बार्हस्पत्य संवत्सर मात्र छ, गुप्तसंवत् छैन भन्ने हेक्का पनि नराखी सबैमा बार्हस्पत्य संवत्सर र गुप्तसंवत् छ भनी डिल्लीरमणले लेखेको मिल्दैन ।**

५६ वर्ष हुन हुनलाग्यो, चाबहिलमा पाइएको लिच्छविकालको एउटा विशिष्ट शिलालेख पहिलोपटक छापिएको । हरेक शनिबार अभिलेखको खोजीका लागि संशोधन-मण्डलका हामीहरूले गर्ने गरेको यात्राका क्रममा यो शिलालेख भेटिएको थियो । तीन-तीन महिनामा संशोधन-मण्डलले छाप्ने गरेको 'अभिलेख-संग्रह'को नवौं भाग (१८ पृ.) मा वि.सं. २०२० वैशाखसंक्रान्तिमा यस शिलालेखको पाठ छापियो । 'अभिलेख-संग्रह'को यस भागका सम्पादकमा ४६ वर्ष नाघिसकेका रामजी तेवारी (वि.सं. १९७३-२०४०) र भर्खर १७ वर्ष पुगेका नयनाथ पौडेल (वि.सं. २००२ मा जन्म) लगायत ४४ वर्ष पुग्न पुग्न आँटेका देवीप्रसाद भण्डारी (वि.सं. १९७६-२०५६), ४२ वर्ष पुग्न आँटेका भोलानाथ पौडेल (वि.सं. १९७८-२०६६), ३८ वर्ष भर्खरै पुगेका शंकरमान राजवंशी (वि.सं. १९८१-२०५६), ३१ वर्ष भर्खरै कटेका धनवज्र वज्राचार्य (वि.सं. १९८८-२०५१), २३ वर्ष नपुगेका गौतमवज्र वज्राचार्य (वि.सं. १९९७ मा जन्म) र १९ वर्ष नपुगेका महेशराज पन्त (वि.सं. २००१ मा जन्म) गरी आठजना थिए । ३ वर्षसम्म लगातार चलेको 'अभिलेख-संग्रह'को नीतिअनुसार, यो शिलालेख छाप्दा यसको उल्था र व्याख्या नगरी सामान्य परिचय दिई मूलपाठ मात्र छपाइएको थियो । यस शिलालेखमा साल नदेखिई 'माघवर्षे काले' लेखेर त्यसपछि महिना, पक्ष र तिथि दिइएकाले 'यहाँ संवत्को अंक देखिंदैन, तर 'माघवर्ष काल' भन्ने उल्लेख भएको हुनाले गणनाद्वारा यसको आसन्न समय पत्ता लाउन सकिन्छ । यहाँको लिपि मानदेवको ताकाको छ' भनी त्यहाँ लेखिएको थियो ।



चाबहिलको यस शिलालेखको पाठ 'अभिलेख-संग्रह'मा छापिएको २१ महिना हुँदा 'गोरखापत्र'मा छापिएको पुरातत्वसम्बन्धी एउटा खबरतर्फ आपत्ति जनाएर संशोधन-मण्डलले उत्तिखेर जस्तो पुरातत्व विभागका निर्देशकलाई सम्बोधन गर्दै चिठी पठायो । 'गत पौष २६ गते शनिबारको गोरखापत्रमा पुरातत्व विभागसम्बन्धी समाचारमा 'चाबहिल स्तूपदेखि पश्चिम बुद्धमूर्तिको अगाडिको ढुंगामा एउटा अप्रकाशित लिच्छविअभिलेखको पत्ता लगाइएको कुरा पनि ज्ञात भएको छ' भनी छापिएको छ । गो.प.मा दिइएको उक्त हुलियासँग ट्वाक्क मिल्ने चाबहिलको लिच्छविकालको अभिलेख हाम्रो 'अभिलेख-संग्रह' ९ भागको १८ पृष्ठमा छापिइसकेको छ । यसकारण सो अभिलेख पत्ता लागेको तथा पाठ पढेको श्रेयको हकदार संशोधन-मण्डल छ भन्ने कुरा स्पष्ट छ ।

बाहिर प्रकाशित रूपमा यसको विरोध गर्नुभन्दा पहिले यहाँसँग यस विषयमा सोधपुछ गर्नु बढिया देखिएकाले यो पत्र लेख्दै छौँ । पुरातत्व विभागले उक्त अभिलेख कसरी कुन आधारमा अप्रकाशित भनी प्रचार गराएको हो, यसको स्पष्टीकरण दिनुहुनेछ भन्ने हामीलाई आशा छ । अन्यथा 'सावधान-पत्र'द्वारा यसको विरोध गर्न हामी विवश हुनेछौँ' भनी वि.सं. २०२१ पुस २८ गते शनिबारको त्यस चिठीमा लेखिएको थियो । यो घटना हुनुभन्दा झन्डै ८ वर्षअघि पनि पुरातत्व विभागबाट यस्तै काम भएकाले ('पुरातत्व-विभागको नयाँ खोज', 'गोरखापत्र', २०१३।११।२५।६) त्यसको प्रतिवाद गर्न नयराज पन्त (वि.सं. १९७०-२०५९) का ३ जना प्रशिष्यका नाउँ हाली एउटा पर्चा छपाइएको थियो (मोहननाथ पाण्डे, गौतमवज्र वज्राचार्य र महेशराज पन्त, 'पुरातत्व विभाग सावधान भई काम गरोस्' २०१३।११।२६।७) । त्यही घटना दोहोरिएकाले प्रतिवादको पहिलो कदमका रूपमा संशोधन-मण्डलबाट त्यो चिठी लेखिएको थियो ।

संशोधन-मण्डलबाट जुन दिन यो चिठी गयो, त्यही दिन 'पठाउनुभएको पत्रांक २०० मिति २०२१।९।२८ को पत्र प्राप्त भयो । पौष २६ गते शनिबारको गोरखापत्रमा प्रकाशित समाचारबारे लेख्नुभएको कुरा विदित भयो । उल्लिखित अभिलेख संशोधन-मण्डलको ९ भागको १८ पृष्ठमा भएको कुरासँग हामी सहमत छौँ र खेदपूर्वक 'अप्रकाशित' भन्ने शब्दलाई फिर्ता लिँदै संशोधन-मण्डलले समयमा नै सूचित गरेकोमा हार्दिक धन्यवाद दिन्छौँ । यस्तै गरी भविष्यमा पनि सहयोगको आदानप्रदान हुँदै रहनेछ भन्ने विश्वास छ' भन्ने चिठी पुरातत्व विभागका फिल्ड टेक्निसियन तारानन्द मिश्रको नाउँबाट आयो ।

यसपछि साढे ८ वर्ष बित्यो । वि.सं. २०३० मा धनवज्र वज्राचार्यको महत्तम कृति 'लिच्छविकालका अभिलेख' (नेपाल र एसियाली अध्ययन संस्थान, काठमाडौं) मा १ सय ९० वटा अभिलेख छापिँदा चाबहिलको यस शिलालेखलाई सबभन्दा अगाडि राखियो (१ संख्या) । त्यहाँ राजाको नाउँ फुटेको, खालि महिना, पक्ष र तिथि मात्र बाँकी रहेको र 'माघवर्ष काल' भन्ने अनौठो वर्षांकनपद्धति भएकाले धनवज्र वज्राचार्यले तीनथरी तर्क गरी यसलाई पाइएसम्मका अभिलेखमध्ये सबभन्दा पुरानो भनी ठहऱ्याए–

१) 'अहिलेसम्म पाइएका लिच्छविकालका अभिलेखमा संवत्सहितको पहिलो अभिलेख मानदेवको चाँगुको स्तम्भलेख हो । त्यसको लिपि र यसको लिपिको तुलना गरी हेर्दा यो अभिलेख चाँगुको स्तम्भलेखभन्दा अलि पुरानो देखिएको छ ।' (३ पृ.)

२) 'प्रचलित वंशावलीमा राजा वृषदेवको पालामा चाबहिलको चैत्य बनेको हो भन्ने वर्णन परेको छ । यस अभिलेखमा 'सङ्क्लिष्ट सुचिरङ्कालम्भवनम्भवविच्छिदः = धेरै कालसम्म कष्ट गरीकन चैत्य बनाइएको छ' भन्ने उल्लेख भएको छ । यताबाट निकै ठूलो चैत्य बनाइएको थियो भन्न संकेत पाइन्छ । यस अभिलेखमा उल्लिखित चैत्य चाबहिलको प्रसिद्ध चैत्य नै हो भन्ने कुरा प्रसंग विचार गर्दा थाहा पाइन्छ ।' (उही)

३) 'यसमा उल्लिखित माघवर्षे काले आषाढशुदिव १०' यस वचनको आधारमा गणना गरी हेर्न सके यसको समय-निर्णय हुने सम्भावना छ । 'माघवर्ष काल' आदि लेख्ने चलन मानदेवयता देखिएको छैन । यसबाट पनि यो अभिलेख मानदेवभन्दा केही अघिको हो भन्ने संकेत पाइन्छ ।' (उही)

आफूले लेखेको 'लिच्छविकालका अभिलेख' आफ्ना गुरु नयराज पन्तलाई वि.सं. २०३० गुरुपूर्णिमाको दिन धनवज्र वज्राचार्यले दिएपछि त्यस पुस्तकका ठाउँठाउँमा पानाका किनारा उनका टिप्पणीले रँगिए । चाबहिलको यस शिलालेखको 'माघवर्ष काल'को विषयमा 'बृहत्संहिताको बृहस्पतिचाराध्यायमा २०, २१, १ श्लोक पठनीय छन्' भनी उनले लेखेको टिप्पणीबाट यो संवत् बार्हस्पत्य मानअनुसारको हो भन्ने उनको विचार देखिन्छ ।

वि.सं. २०३० मै हरिराम जोशी (वि.सं. १९९२ मा जन्म) को 'नेपालको प्राचीन अभिलेख' (नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं) छापियो । त्यहाँ मानदेवको पालाका

जम्मै शिलालेख दिइसकेपछि अनुपरमको हाँडीगाउँको शिलास्तम्भलेख र मानदेवका नाति वसन्तदेवको (शक) संवत् ४२८ को शिलालेखको बीचमा यो शिलालेख राखिएको छ (२२ संख्या) ।

कसंवत् ४२५ को पलाञ्चोकको शिलालेखमा लिच्छवि राजा मानदेवको प्रशस्तिमा 'भट्टारकमहाराज' शब्दको प्रयोग भएको र त्यसभन्दा अगाडिका संवत् वा राजाको नाम भएका कुनै पनि अभिलेखमा त्यो प्रशस्ति नआएको हुनाले राजाको नाउँ फुटिसकेको भए पनि चाबहिलको यस शिलालेखमा भने त्यो प्रशस्ति हुँदा यसलाई मानदेवभन्दा अघिको हो भनी मान्न गाह्रै पर्छ, किनभने मानदेवका बाबुबाजेको समयमै त्यो प्रशस्ति चल्तीमा आइसकेको भए मानदेवको अन्तिम समयतिरको अभिलेखमा मात्र सो प्रशस्ति नआई उनको शासनको प्रारम्भदेखिकै अभिलेखमा उनको नामको अगाडि त्यसको प्रयोग हुनपर्ने हो, उल्टो, माथि चर्चित शकसंवत् ४२५ को अभिलेखपछिका धेरैजसो अभिलेखमा त्यस प्रशस्तिको प्रयोग भएको पाइन्छ, यसकारण चाबहिलको यो अभिलेख मानदेवको अन्तिम समयतिरको हो भनी सजिलैसँग भन्न सकिन्छ भन्ने तर्क हरिराम जोशीले गरेका छन् । यस शिलालेखमा आएको माघवर्षको उल्लेख यसभन्दा अघिका नेपालका र भारतका कुनै पनि अभिलेखमा नआएको कुरा पनि उनले उठाएका छन् (उही, ६७-६८ पृ.) ।

लिच्छविकालका अभिलेखमध्ये सबैभन्दा पुरानो कुन हो भनी विचार गर्ने प्रसंगमा शंकरमान राजवंशीले चाबहिलको यस शिलालेखमा आएको 'माघवर्ष काल'को विषयमा आफ्नो विचार ज्यौतिषशास्त्रको ढंगले वि.सं. २०३४ मा प्रकट गरे ('आजसम्म प्राप्त नेपालका लिच्छवि अभिलेखमा सर्वप्रथम कुन ?', 'प्राचीन नेपाल' ३०-३९ संख्या, २०३१-२०३४, नेपाली खण्ड, ११३-११६ पृ.) । सोह्रौं शताब्दीका गणेश दैवज्ञको 'ग्रहलाघव', त्यहीताकाका मकरन्द भन्ने ज्योतिषीले आफ्नै नाउँमा रचेको ग्रन्थ र सत्रौं शताब्दीका विश्वनाथको 'मकरन्दसारणी'को आधारमा यो वर्षांकनपद्धति बृहस्पतिको उदयको गणनाबाट गरिएको गुरुवर्ष हो भनी उनले त्यहाँ लेखे ।

यसै सिलसिलामा नेपालका पञ्चांगमा वर्षफलप्रकरणमा गुरुवर्ष लेख्ने चलन अद्यापि चलेकै छ भनी वि.सं. १९६५ को पात्रोमा पौषवर्ष, वि.सं. १९६६ को पात्रोमा फाल्गुनवर्ष, वि.सं. २०१२ को र २०२४ को पात्रामा माघवर्ष लेखिएको उदाहरण उनले दिए । यो देख्दा आफ्नो 'भारतीय प्राचीन लिपिमाला' (२ संस्करण, अजमेर, १९७५) मा बाह्रवर्षे बार्हस्पत्य संवत्सर (१८७ पृ.)को प्रसंगमा वि.सं. १९७४ को पात्रोमा 'वर्षनाम आश्विन' र वि.सं. १९७५ को पञ्चांगमा 'वर्षनाम कार्तिक' लेखिएको कुराको चर्चा गरी यी वर्षनाम बाह्रवर्षे बार्हस्पत्य संवत्सरकै हुन् भनी गौरीशंकर हीराचन्द ओझा (वि.सं. १९२०-२००४) ले लेखेको कुराको सम्झना हुन्छ । चाबहिलको शिलालेखको समय आफ्नो ढंगले गणना गरेर वि.सं. ५५३ को हो भनी शंकरमानले ठह( याए र यस शिलालेखको लिपि वसन्तदेवको समयको शिलालेखका लिपिसँग मिल्न आउँछ भनी उनले आफ्नो मत व्यक्त गरे । अनि, आजसम्म पाइएका लिच्छविकालका अभिलेखमा चाँगुको मानदेवको स्तम्भाभिलेखभन्दा पुरानो अर्को अभिलेख देखिन आएको छैन भनी उनले निष्कर्षमा लेखे ।

वि.सं. २०४० मा छापिएको आफ्नो 'इन्स्क्रिप्शन्ज् अफ एन्शेन्ट् नेपाल' को १ ठेली (अभिनव पब्लिकेशन्ज, नयाँदिल्ली, ई.सं. १९८३)मा डिल्लीरमण रेग्मी (वि.सं. १९७०-२०५८)ले यो शिलालेख छपाउँदा मानदेवको पालाको (शक) संवत् ४१३ को शिलालेखभन्दा पछि र (शक) संवत् ४१९ को शिलालेखभन्दा अगाडि राखे (१२ संख्या) । यस शिलालेखमा आएको 'माघवर्ष काल'को व्याख्या त्यही पुस्तकको ३ ठेलीमा उनले गरेका छन् (३१-३४ पृ.) ।

गुप्तसंवत् र बाह्रवर्षे बार्हस्पत्यसंवत्सर दुवैमा मिति दिइएका, परिव्राजकवंशका महाराज हस्तीका र उनका उत्तराधिकारीको अभिलेख यस प्रसंगमा डिल्लीरमणले सम्झन पुगेका छन् (उही, ३१-३२ पृ.) । महाराज हस्तीका गुप्तसंवत् १५६ महावैशाखसंवत्सर कार्तिकशुक्लतृतीया (२१ संख्या),गुप्तसंवत् १६३ महाश्वयुजसंवत्सर चैत्रशुक्लद्वितीया (२२ संख्या), गुप्तसंवत् १९१ महाचैत्रसंवत्सर माघकृष्णतृतीया (२३ संख्या), उनकै पालाको महामाघसंवत्सर कार्तिक महिनाको १९ दिन (२४ संख्या)का ताम्रपत्र र उनका छोरा महाराज संक्षोभको गुप्तसंवत् २०९ महाश्वयुजसंवत्सर चैत्रशुक्लत्रयोदशीको शिलास्तम्भलेख (२५ संख्या) वि.सं. १९४५ मा जोन फेथ्फुल फ्लिट (वि.सं. १९०४-१९७३) ले आफ्नो 'इन्स्क्रिप्शन्ज् अफ दि अर्लि गुप्त किङ्ज् यान्ड् देर् सक्सेसर्ज्' (सुपईन्टेन्डेन्ट अफ गभ्अर्न्मेन्ट प्रिन्ट्इङ, कलकत्ता, ई.सं. १८८८) मा छपाउँदा ती अभिलेखको कालमानको गणना र बाह्रवर्षे बार्हस्पत्य संवत्सरको विषयमा

शंकर बालकृष्ण दीक्षित (वि.सं. १९१०-१९५५) को 'द ट्वेल्भ्-यर् साइक्ल् अफ जुपिटर' भन्ने लेख त्यही पुस्तकको 'इन्ट्रडक्सन्' मा तेस्रो परिशिष्टका रूपमा गाभेका छन् (१६१-१७६ पृ.)। तिनै दीक्षितद्वारा गणना गराएर र आफैँले पनि विवेचना गरी महिनाको नाउँबाट चलेको यो संवत् बाह्रवर्षे बार्हस्पत्य कालचक्र हो भनी फ्लिटले त्यहीँ सिद्ध गरेका छन् (उही, 'इन्ट्रडक्शन्', १०१-१२४ पृ.)। दीक्षित र फ्लिटका ती लेख कहीँ कहीँ केही वाक्य फेरेर 'दि इन्डिअन् यान्टिक्वेरि' को १७ ठेली (ई.सं. १८८८) मा पनि छापिएका छन्।

बार्हस्पत्य संवत्सरको चर्चा गर्दा यस्ता अभिलेख ७ वटा छन् र तिनमा ६ वटा हस्तीको र एउटा संक्षोभको हुन् भनी डिल्लीरमणले लेखेका छन्। त्यस्ता अभिलेखको फेहरिस्त दिँदा फ्लिटको गुप्त-अभिलेखसम्बन्धी संग्रहमा नपरेका ३ वटा थप अभिलेख अर्थात् गुप्तसंवत् १७० महाज्येष्ठसंवत्सर फाल्गुनशुक्लपञ्चमीको, हस्तीको नवग्राम भन्ने ठाउँको गुप्तसंवत् १९८ महाश्वयुजसंवत्सरको (यसमा महिना, पक्ष र तिथि फुटिसकेका छन्) र बेतुल भन्ने ठाउँको गुप्तसंवत् १९९ महामार्गसंवत्सर कार्तिक १० दिनको चर्चा उनले गरेका छन् ('इन्स्क्रिप्शन्ज् अफ एन्सेन्ट् नेपाल' ३ ठेली, ३१-३२ पृ.), यी अभिलेख कहाँ छापिएका हुन् भन्ने कुरा भने उनले खुलाएका छैनन्। खोज्दै जाँदा तेस्रो अभिलेखको विषयमा थाहा भए पनि अघिल्ला २ अभिलेखको भने अत्तोपत्तो पाउन सकिएन।

फ्लिटको २४ संख्याको अभिलेखमा बार्हस्पत्य संवत्सर मात्र छ, गुप्तसंवत् छैन भन्ने हेक्का पनि नराखी सबैमा बार्हस्पत्य संवत्सर र गुप्तसंवत् छ भनी डिल्लीरमणले लेखेको मिल्दैन। फ्लिटको पुस्तकबाट सार्दा उनले २५ संख्याको अभिलेखमा 'कार्त्तिकमासशुक्लपक्षतृतीयायाम्' हुँदाहुँदै भ्रमवश 'द थर्ड् अफ लूनर् ब्राइट् फोर्ट्नाइट् अफ द मन्थ् अफ वैशाख' अर्थात् 'वैशाख महिनाको शुक्लपक्षको तृतीया' र बेतुलको ताम्रपत्रको तिथि 'चैत्रमासशुक्लपक्षत्रयोदश्याम्' हुँदाहुँदै ताम्रपत्रको तिथिमिति 'चैत्र शुक्ल ३' भ्रमवश लेखेको कुरा यहाँनिर भन्नुपर्छ। 'द हिस्टईक्ल् क्वार्टर्लि' भन्ने पत्रिकामा ई.सं. १९६३ मा छापिएको, परमेश्वरीलाल गुप्त (वि.सं. १९७१-२०५८)को लेखबाट बार्हस्पत्य संवत्सरका तिथिमितिको गणना कहीँ कहीँ नमिलेको थाहा पाइने कुरा पनि उनले यहाँ लेखेका छन् (उही, ३३ पृ.)। परमेश्वरीलाल गुप्तको त्यो लेख मैले नभेट्टाएकाले यस विषयमा अहिले बढी बोल्न म सक्दिनँ।

'बृहत्संहिता'मा र उत्पलले लेखेको त्यसको टीकामा बाह्रवर्षे बार्हस्पत्य संवत्सरको चर्चा गरेको कुरा डिल्लीरमणले लामो गरी लेखेका छन्। चाबहिलको यस शिलालेखको मितिको विषयमा शंकरमानले लेखेको कुराको चर्चा गर्दा यस शिलालेखमा आएकोजस्तो बाह्रवर्षे बार्हस्पत्यकालचक्र भारतका अभिलेखमा र 'बृहत्संहिता'मा पनि भएको कुरा शंकरमानलाई थाहा रहेनछ भनी उनले लेखेका छन् (उही, ३२-३३ पृ.)।

चाबहिलको यस शिलालेखको मिति बार्हस्पत्यमानअनुसारको हो भनी शंकरमानले नलेखेसम्म धनवज्रलाई यस पद्धतिको विषयमा कुनै ज्ञान थिएन भनी डिल्लीरमणले लेखेका कुरा -उही, ३३ पृ.) मा केही टिप्पणी गर्नुपर्छ। वि.सं. २०२० मा धनवज्रसमेत सम्पादक भई प्रकाशित 'अभिलेख-संग्रह'मा चाबहिलको यो शिलालेख छाप्दा 'यहाँ संवत्को अंक देखिँदैन, तर 'माघवर्ष काल' भन्ने उल्लेख भएको हुनाले गणनाद्वारा यसको आसन्न समय पत्ता लाउन सकिन्छ' भनी लेखेकोबाट र त्यही कुरा उनको 'लिच्छविकालका अभिलेख'मा पनि दोहोऱ्याइएकाले पनि उनलाई बार्हस्पत्य संवत्सरको विषयमा थाहै नभएको होइन भन्ने स्पष्ट हुन्छ। खालि, आफूमा ज्यौतिषशास्त्रको प्रामाणिक ज्ञान नहुँदा बार्हस्पत्य संवत्सरको विषयमा नलेखी उनी पन्छेको मात्र हो जस्तो मलाई लाग्छ।

चाबहिलको यस शिलालेखलाई वृषदेवको पालाको मान्ने हो भने, परिव्राजकवंशले शासन गरेको देशमा भन्दा पहिले बार्हस्पत्यमानको संवत्सरपद्धति नेपालमा चलेको थियो भनी मान्नुपर्छ। नेपालमा यो वर्षमान चलेपछि परिव्राजकवंशले त्यसको अनुसरण गऱ्यो भनी कल्पनासम्म पनि गर्न सकिन्न। यहाँ यस्तो वर्षमानको उदाहरण यो एउटा मात्र पाइएकाले यसको यहाँ प्रयोग परिव्राजकवंशको प्रभावमा मात्र गरिएको हो। चल्न भने सकेन, यसैले यसलाई म प्राचीनतम अभिलेख भनी मान्न सक्दिनँ, लिपिको आधारमा भन्ने हो भने यसलाई मानदेवदेखि वसन्तदेवको पालाभित्र राख्न सकिन्छ, त्यसैले मैले यस अभिलेखलाई १२ संख्यामा राखेको हुँ भनी डिल्लीरमणले लेखेका छन् (उही, ३३-३४ पृ.)।

ठाकुरप्रसाद वर्मा (वि.सं. १९९० मा जन्म) ले वि.सं. २०५१ मा लिच्छविकालका अभिलेखको संग्रह छपाउँदा चाबहिलको यस शिलालेखलाई हरिराम जोशीले गरेकोजस्तै

तर्क गरी पलाञ्चोकको मानदेवको पालाको अभिलेखमा जस्तै यहाँ पनि 'भट्टारकमहाराज' भन्ने पदवी आएकाले यसलाई मानदेवकै पालाको भनी ठहऱ्याएका छन् (ठाकुरप्रसाद वर्मा र ए. के. सिंह, 'अ कर्पस् अफ द लिच्छवि इन्स्क्रिप्शन्ज् अफ नेपाल्', रामानन्दविद्याभवन, नयाँदिल्ली, ई.सं. १९९४ मा ठाकुरप्रसाद वर्माको 'इन्ट्रडक्सन्', १५ पृ.) । यस पुस्तकमा मानदेवको पालाका जम्मै अभिलेख दिइसकेपछि चाबहिलको यो शिलालेख (२० संख्या) राखिएको छ र त्यसपछि पशुपतिको छत्रचण्डेश्वरको तिथिमिति नष्ट भइसकेको शिलालेख राखी अनि वसन्तदेवको पहिलो अभिलेख अर्थात् (शक) संवत् ४२८ को राखिएको छ ।

अखिल भारतवर्षका अभिलेखसम्बन्धी विषय समेटी नेपालबाहिरबाट छापिने कृतिमा नेपालका अभिलेखको चर्चा हुँदै हुँदैन भने पनि हुन्छ । तर, त्यसको अपवादमा वि.सं. २०५५ मा प्रकाशित रिचर्ड सालोमेनको 'इन्डिअन् इपिग्रफि' (अक्सफोर्ड यूनिभसिर्‌टि प्रेस, न्यू योर्करअक्स्फोर्ड, ई.सं. १९९८) उभ्याउन सकिन्छ । त्यस पुस्तकमा बाह्रवर्षे बार्हस्पत्य कालचक्रको विषयमा लेख्दा 'उत्तर, दक्षिण र पूर्व भारतसमेत विभिन्न प्रदेशका संस्कृत अभिलेखमा बाह्रवर्षे बार्हस्पत्य कालचक्रको आकलझुकल उल्लेख पाइन्छ' (१९७ पृ.बाट उल्था) भनी मूलमा लेखी 'नेपालबाट पनि एउटा शंकास्पद उदाहरण पाइएको छ, डिल्लीरमण रेग्मी, 'इन्स्क्रिप्शन्ज् अफ एन्सेन्ट् नेपाल्' ३ ठेली, ३१-३२ पृ. (चाबहिलको अभिलेख) हेर्नू' (उहीबाट उल्था) भनी त्यसको टिप्पणीमा लेखिएको छ ।

वि.सं. २०५६ मा पशुपति र पशुपतिवरपरका अभिलेख प्रकाशन गर्ने क्रममा गोविन्द टन्डन (वि.सं. २०१२ मा जन्म) ले चाबहिलको यो शिलालेख पशुपतिको पटांगिनीको (शक) संवत् ३८१ को शिलालेखभन्दा अगाडि राखेकाले धनवज्रको मतको अनुसरण उनले गरेको स्पष्ट हुन्छ ( 'पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन' २ भाग, झरेन्द्रशम्शेर ज.ब.रा र मञ्जु राणा, काठमाडौं, २०५६, १ पृ.) ।

चाबहिलको यस शिलालेखमा वर्णात्मक पद्धतिअनुसार 'माघ' लेखी संवत्को अंक हालिएको हो भनी काशीनाथ तमोट (वि.सं. २००१ मा जन्म) ले वि.सं. २०६० मा लेखेको कुरा ('दि अर्लिएस्ट् लिच्छवि इन्स्क्रिप्शन् फ्रम् चाबहिल्', ई.सं. २००४ मार्च २९ तारिखमा www.nepalmandal.com.np मा पोस्ट गरिएको) को सम्झना पनि यस प्रसंगमा गर्नुपर्छ । खुलाएर भन्दा, म्आंघंअ मिली 'माघ' शब्द बनेकाले 'म्' पच्चीसौँ व्यञ्जन र 'घ्' चौथो व्यञ्जन भएकाले 'म्' भनेको २५ र 'घ्' भनेको ४ हुन्छ, वर्णांकअनुसार 'अ' ले १०० र 'आ' ले २०० बुझाउने हुँदा २५४१००२००.३२९ हुने हुनाले यो शिलालेख (शक) संवत् ३२९ को हो भन्ने अनौठो निष्कर्ष उनले निकालेका छन् ।

काशीनाथको यो निष्कर्ष नमान्दा नमान्दै पनि वि.सं. २०२० देखि २०६० सम्मको ४० वर्षको अन्तरालमा यस शिलालेखको तिथि '१०' अर्थात् 'दशमी' पढिँदै आएकोमा उनले त्यहाँ तिथिको अंक '१२' भएकोतर्फ औँल्याएकाले तिथि 'द्वादशी' ठहरिन गयो । खुलाएर भन्दा, शून्यको प्रयोग गरी अंक लेख्ने पद्धति नचलेको त्यस जमानामा '१०' को अंक मात्र पढी त्यसपछिको '२' को अंक स्पष्ट देखिँदा देखिँदै पनि छोडिएको थियो ।

चाबहिलको यस शिलालेखको विषयमा गहिरो विचार गर्ने काम वि.सं. २०६५ मा दिवाकर आचार्य (वि.सं. २०२६ मा जन्म) बाट लिच्छविकालका पुराना उत्कीर्ण लेखबाट बुद्धधर्मसम्बन्धी सूचना संग्रह गर्ने प्रसंगमा भयो ('एभिडेन्स् फर् महायान बुड्इज्म् यान्ड् सुखावती कल्ट् इन् इन्डिअ इन् द मिड्ल् पीरअड् : अर्लि फिफ्थ् टु लेट् सिस्क्थ् सेन्चुरी नेपालीज् इन्स्क्रिप्शन्ज्', 'जर्नल् दि इन्टर्न्याशअन्अल् असोशिएशन् अफ बुड्इस्ट् स्टड्इज्' ३१ ठेली, १-२ अंक, ई.सं. २००८, २६-३५ पृ.) ।

चाबहिलको यो शिलालेख वृषदेवको पालाको हो भन्ने धनवज्रको तर्क नमान्दा नमान्दै पनि यो शिलालेख कति पुरानो हो भन्ने विषयमा धनवज्रभन्दा त्यति पर दिवाकर जान सकेका छैनन् (उही, २८-२९ पृ.) । यस शिलालेखमा तिथिमिति दिइसकेपछि 'अस्यान्दिवसपूर्व्वायाम्' भन्ने जुन पद आएका छन्, ती पद मानदेवको पालाभन्दा पछिका अभिलेखमा नआएकाले यो अभिलेख मानदेवको पालाको वा यसभन्दा अगाडिको हुनुपर्छ (उही, २८ पृ.) भन्ने उनको एउटा तर्क छ ।धनवज्रको 'लिच्छविकालका अभिलेख' छापिएको १६ वर्ष नाघिसकेपछि मात्र प्रकाशमा आएको, ( शक) संवत् ३८१ को खण्डित शिलालेख (श्यामसुन्दर राजवंशी, 'पशुपतिनाथ प्रांगणमा प्राप्त अप्रकाशित लिच्छवि शिलालेख', 'प्राचीन नेपाल' ११५ संख्या, नेपाली खण्ड १-२ पृ.) लाई दिवाकरले मानदेवको पहिलो अभिलेख मानेका छन् । त्यस शिलालेखमा बार्हस्पत्य संवत्सरको चर्चा नआएकाले त्यस मितिभन्दा अगाडि कहाँ कहाँ माघवर्ष परेका छन् भनी

वेंकटेश वालवृष्ण केतकर (वि.सं. १९१०-१९८७)ले तयार गरेको सारणी ('इन्डिअन् यान्ड् फईन् क्रोन्अल्अजि', ब्रिट्इश इन्डिअ प्रेस, बम्बई, ई.सं. १९२३) अनुसार गणना गर्दै जाँदा शकसंवत् ३७१, ३५९, ३४७ र ३३५ मा परेको देखिएकाले चाबहिलको यो शिलालेख यी ४ संवत्मध्ये कुनै एकको हुनुपर्छ भन्ने उनको तर्क छ ('जर्नल् अफ दि इन्टर्न्याश्अन्अल् असोशिएशन् अफ बुड्इस्ट् स्टड्इज्' ३१ ठेली, १-२ अंक, २९ पृ.)।

यस शिलालेखमा 'भट्टारकमहाराजश्री' मात्र बाँकी रही राजाको नाउँ नष्ट भइसकेकाले ती राजा को हुन् भन्ने निर्णय गर्न दिवाकरले गरेको प्रयासको चर्चा पनि यहाँनिर गर्नुपर्छ। मानदेवका बराजु वृषदेवको आसन्न समय ई.सं. ४१० (वि.सं. ४६७) मानेर शकसंवत् ४२५ को अभिलेखमा 'भट्टारकमहाराजश्रीमानदेवस्य साग्रं वर्षशतमाज्ञापयतः सम्राड्गृहपतेस्पत्न्या विजयस्वामिन्या प्रतिष्ठापिता देवी भगवती विजयेश्वरी' आएजस्तै चाबहिलको यस शिलालेखमा पनि यस्तै कुरा आउनुपर्छ भन्ने ठानी 'वृषदेवस्य साग्रं वर्षशतं समाज्ञापयतः चारुमत्या स्थापितो भगवान् महामुनिः' भनी खण्डित अंश भर्न उनी पुग्छन् (उही, ३१-३२ पृ.)।

यसो गर्दा खालि राजाको नाउँ मात्र नदिई चारुमतीले बनाएको भनी प्रसिद्ध चाबहिलमा पाइएको यो शिलालेख पनि चारुमतीकै हो भन्ने उनको विचार देखिन्छ।

दिवाकरको यस लेखबाट चाबहिलको शिलालेखको पाठ एक ठाउँमा सच्चिएको कुरा पनि यस प्रसंगमा भन्नुपर्छ। 'अभिलेख-संग्रह' देखि जहाँ-जहाँ यस शिलालेखको पाठ छापिएको छ, त्यहाँ-त्यहाँ 'जातकाकीर्ण्णत्राना' (३ पंक्ति) भएकोमा मूल शिलालेखमा चाहिँ 'जातकाकीर्ण्णङ्नाना' भएकोतर्फ उनले औँल्याएको ठीक छ (उही, ३० पृ.)।

लिच्छविकालको नेपालमा बुद्धधर्मको अवस्थामा प्रकाश पार्ने यस शिलालेखमा चलनचल्तीमा भएका संवत्भन्दा फरक संवत्को प्रयोग भएको हुनाले र राजाको नाउँ पनि फुटिसकेकाले थरीथरीका विद्वान्ले यसको कालनिर्णयका लागि थरीथरीको ढंगले प्रयास गरे पनि त्यो खालि विद्याविलास मात्र हुन गयो भन्ने यतिसम्मका कुराबाट स्पष्ट हुनुपर्छ।

source : https://www.nayapatrikadaily.com/news-details/7441/2019-03-02

**श्रद्धेय अनागारिका उप्पलवर्णा (चिनी गुरुमां) को ८० औं जन्मोत्सवको उपलक्ष्यमा लुम्बिनीमा आयोजित अल्पकालिन ऋषिनी प्रव्रज्या समारोह-२०७५**



# हिउपाः मजिमगाः थौं

उपासक ज्यलाः म्हिगः उदास झी जुल
युग ल्वेक न्हेज्याय् निम्त बिन्दास जुइ माल

तसकं लिमलापिं झी व्यस्त दिन चर्या
थःपिनिगु अवस्थाया मदु गर्न चर्चा
थ्व हे चिन्तन् मनन् यायेगु भालपाः
स्वक खुसी नीस्वना थ्व समाजया रथ ।।१।।



– लाभरत्न तुलाधर
labharatna@gmail.com

थःपिं उदाय् धाये सःसा छाय् धाल मसिल
कुलायन इतिहास छु गथे मथुल
उकिं मखा, गुंगू थर छथी हे खः धाःसा
थह्मं क्वह्यंया भावना ल्यन माःसां म्वाः ।।२।।

खँ प्वःथला नय्मसः झी ज्यासुवा-ज्याकःमि
जुर्गनिसें म्हिगः तक शिल्पकलाय् तःमि
थःपिनि स्वव्यवसाय कत्ताना च्वनापिं
ईकथं हिले मफयाः लजगालं द्याःपिं ।।३।।

जन्मजात धर्मया हे किचः न्हां स्वभभाव
मेपिं नापं प्रतिस्पर्धा भावना अभाव
उकीसनं मतिकुन्हाः राज्यया विभेद
सकसिनं चाक्केमाल समय संकेत ।।४।।

समाज उन्नति निम्तिं बौद्धिक चिन्तन
माःगु सक्षमता लागि त्याग या गन्थन
थुगु लँपुं आर्थिक व प्राज्ञिक तँ क्यनी
थर्नलि झी देशया हे उच्च थासय् थ्यनी ।।५।।

सःपिं थूपिं ब्वनातःपिं झी आपालं दत
समाज न्हेज्याये नितिं फ्वनेगु मदत
पुलां पुस्ताया लँ क्यनाय् न्हू पुस्ताया जोश
निथी समन्वय यायां न्हेज्याय् कोशं कोश ।।६।।

थःपिनिगु ह्याकिं छु खः, न्हापां त्याछियेगु
छता छता माथं वंके निम्ति क्वः छियेगु
निगः लबः यागु लोभं च्यागः मद्यायेगु
थःगु थाय्बाय् कत्तानाः स्व आप्रवासी ख्यायेगु ।।७।।

जातया नां उदाय् धाःसां उदास मजुइगु
न्हू जीवन शैलि धाधां धर्म तामपाय्गु
ल्याखं म्हो हे जूसां मपाः विलक्षण जूसा
दोलंदो नगु ज्वी सिबे तिमिला ज्वी खासा ।।८।।

# Role of Religious Leaders to solve religious discrimination and religious extremism



**Deva Kaji Shakya**
*For Buddhism WARP Work office, HWPL*

Questions raised for discussion on the above topics and the Answers from the leader of the Buddhist Panel.

***1. Are there any religious discrimination and religious extremism that is happening around you?***

This is a serious question one should ask oneself. May be, it is not apparent in an expressive way but such a feeling of discrimination might have been lying hidden in one`s own mind. Such a discrimination may explode, one day when it meets causes and conditions, all depending on the circumstances one is around. Just a sparkle may cause a big fire that may devour Peace and Bliss of an individual, family, community, society, region, country or the whole universe of human beings. This is because the matter related to religion is very sensitive, which political, social, traditional or cultural elements may take for their advantage unduly and manipulate innocent general mass for their selfish purposes, creating chaos, havoc and instability in the society.

From this point of view, it is very difficult exactly to say that there is or is not such religious discrimination around the community and society. Religious feeling is very subtle inside the core of heart which may be disturbed at any time or place and in sensitive circumstances created by the external forces. It is just the matter how well aware the individual or the society is, relating to the religious factor and how he or she is conscious of the true meaning of religion. Again this is the matter how an individual is broad or narrow in thinking, attitude and in the way of tackling the situation caused by religious matters.

As a responsible religious leader from the Buddhist side, I should not trigger any kind of controversy and undesired argument for argument sake, by pointing out here that there are or are not discrimination and extremism around me. The only concern I would like to take seriously here is, how we can contribute and strive as religious leaders to minimize and make effort as far as possible to put an end to religious discrimination and extremism, by educating people to be truly religious.

Nepal is constitutionally secular but previously it was a Hindu country. The mass of Hindu Population of Nepal protests, decries and strongly demands that Nepal should not be secular and it should be a Hindu Nation, they think it as the identity of the country itself, expressed in culture, tradition and the ways of living of the greater part of population. But this claim is directly in contrast and in clash with the logic put up vehemently for the equal status of all other different religious faiths of Nepal.

As of 2011, the census shows that 81.3 per cent of the total population of Nepal is Hindu and including 9.0 per cent of the number of Buddhists, they claim, 90 percent (Hindus claim Buddhists in their circle of faith). The Muslim (nearly 4.4 per cent) and Christian population (1.4 per cent), Kiranti 3.0 per cent and others, comprise altogether the total. The root cause of discord because of a hue and cry of a section of Nepalese population, People of Nepal feel that they are being gradually pushed in the undesirable state of discrimination in the name of Religion although not constitutionally, spoiling peace and order in the society, which I am afraid, may consequently lead to the dangerous explosion of extremism.

***2. Why such discrimination arise even between people who have religious faith?***

One thing one should understand well that the element of discrimination and extremism is due to misinterpretation of the word `religion`. The problem lies not in the true meaning of religion as taught by the great teachers or the pioneers of different religious faiths. It is owing to the blind irrational undertaking and rigidity in the following of the faith that develops discriminating attitude in people of different faiths.

Teachings of different faiths point out the goal of spiritual elevation of people for the benefit of all, in their own original ways and methods, not with the motive to divide people in the groups or in the communities and regions of particular belief, by creating bias of one against others for their selfish preconceived motive. Here lies the point, we should be very much conscious, mindful and alert, if we really want to be religious people as the true followers of our great Gurus, who showed and guided us to the path of the religion that is the path of righteousness. It will be totally unjustifiable to blame the particular teacher of the particular faith for any type of religious discords and disharmony that are on the surface of the modern day world.

Discrimination and extremism are the lowly, undesirable and dangerous consequences of the meaning of religion, being misunderstood and derogated from the actual fundamental standard of teachings of the teachers, for which people themselves are responsible not the great pundits of the different religious faiths. Religions are narrowly interpreted by the narrow attitude for fulfilling selfish purposes, playing with the feeling and emotions of ignorant and innocent mass of people. It is desirably necessary and it is the urgent demand of this modern day world that the campaign should be started to make people realize clearly what the true meaning of religion is and how people should be broad minded for one`s benefit and others to make this earth worth living for all, in the spirit of fellowship of humankind.

Let there not be any space for playing with the emotions of general mass. In the overwhelming emotional state, the brain cannot function well and it loses wisdom, the rationale that makes people able to discriminate right from wrong and good from bad. To be a true follower of the religion, one should have faith but it should be strongly backed with PRAJNA, the rational wisdom. SRADHA (faith with due honour) and PRAJNA are complementary to each other, two sides of one coin to make one religious in perfect sense. A truly religious person genuinely understands the meaning of religion that he or she does not discriminate his or her fellow beings on the basis, just because of different beliefs they pursue.

Therefore, we can say that it is not the element of the religious faith but the ignorance of the truth that causes discrimination. There is not any kind of discrimination in the law of Nature. It is the universally recognized fact that religion is the system which works on well itself. It is artificial, man - made laws which spoil the system, by bringing unnatural tendencies in following the beliefs. There is harmony in nature but people create disharmony, in the name of religion. It is the deviated mind of people, not the religion, which has arisen discrimination leading to extremism.

***3. What is the role of religious leaders to solve religious extremism and religious discrimination?***

People playing leading role in propagating their religious faiths have special responsibilities to make the general mass well aware and conscious how they can keep themselves in peace and bliss in this turbulent materialistic world by developing harmonious relations among different religions and the followers, through Dharma, the righteous path of respecting one another for mutual benefit, the sole aim being to save human civilization. The religious Gurus and leaders should strive hard to eradicate any type of discrimination created by suspicions among different faiths, with the bond of mutual understanding and trust. Every religion stands for the principle that human beings should be treated on the justified basis of equality. Just liturgy, rites and rituals, and cultural parts of religious practice of different faiths should not block them to come together for harmony, peace and bliss in the world. It is just the matter of giving honor to each other for their own and others` honorable existence and for the entire world.

Religions should not be used as the tools or weapons to draw people, for the particular political advantage. Politics should not penetrate in the matter of religion and religions should not be overwhelmed by politics. Politics and religions should be separated from one another. Let politics and religion work independently in their own way for the establishment of peace and harmony in the society.

Here demands the role of religious leaders in an effective and impressive way with the use of their versatile personality to direct the general public to the proper path of the righteousness. Why do political leaders echo their political slogans

inappropriately mentioning the particular religion, for or against, to play with the emotion of general public? Have they ever thought of its negative repercussion of disturbance in religious tolerance and harmony causing divisions in community and society? Is it not dangerous? It may leave deep negative impact on generations to come and it will bring conflicts among people, sure, leading to bigotry and fundamentalism.

It is because of extreme thinking and misinterpretation, the real nature of the particular religion loses; its originality disappears, gets misshaped and damaged. For this, the religious teachers and the volunteer propagators of the religion should broaden their knowledge on scriptures in their areas. They should be able to give crystal clear explanation of the religions as it is in pure form unspoiled by any kind of instigation and any kind of manipulation from the external factors. They should be able to enlighten people to the full realization of the truth for their own benefit and through them to others. Peace and happiness lie inside the core of hearts of individuals themselves, derived from true spirit of Dharma, not by the outer label of religion as it is named. Seeking peace and bliss outside will just be futile.

As the campaigner, working for the propagation of the Buddha`s teachings of peace and love, I would like to use the term `Dharma` instead of `religion`, which we normally use in the conservative and conventional term. Just in simple way, let us realize `Dharma` as righteousness in speech, thoughts and actions. In other words, Dharma is the purity in body, words, thoughts and actions. Buddhism talks of middle way, the middle way between the two extreme points – the way to peace and happiness. Buddhism teaches just Dharma, the way of living, as the blueprint for life to live happy and peaceful, not as religion in narrower interpretation, which may lead to confusion of communal and sectorial divisions.

What I would like to promote is that religious leaders, whatever may be their religious faith, I just suggest that they better explain the word, `religion` as `Dharma` without any bias against other`s faith. I very humbly request all the religious leaders, I think and hope, they try to realize me that the approaches I mentioned above may help solve the problem of religious extremism and religious discrimination. I would like to conclude my views with the following verses from DHAMMAPADA (The Words of Dhamma), a famous Buddhist treatise:

***Not to do any evil, to cultivate good, to purify one`s mind – This is the teaching of the Buddhas.***

***Not insulting, not harming, restraint according to the fundamental moral code, moderation in food, secluded abode, intent on higher thoughts – this is the teaching of the Buddhas.***

Let us understand deep meanings of these verses as religious teachers or leaders, working in the field of Dharma**.** Let us make a vigorous effort to enlighten people with the significant meanings of the verses. Certainly, it will help us solve religious extremities and religious discrimination, we are facing as the main causes of strife and conflicts, blocking the road to world peace and harmony. As religious leaders, let us teach simply, `Do good and be good` and it tremendously helps contribute to put an end to religious discrimination and extremism, bringing peace and bliss in the world.

Shakyamuni Buddha`s teaching of sublime states of mind: Loving – Kindness, Compassion, Altruistic Joy and Equanimity, if could be practiced genuinely and developed well, it is fully possible that the world can be made free from the acute diseases like religious discrimination and religious extremism, which are haunting terribly humanity and human civilization. Those highest spiritual states as taught by the Buddha, I believe, do not clash the core teachings of any other religious faiths and there are not any spaces left to oppose urgent need of developing those qualities by any different principles and philosophies. Religious teachers and leaders need to be very much mindful that the highest spirit of `Live and let live `can be enlivened and it is possible only through the enhancement of those four sublime qualities in a person.

## नगदेशमा आयुसंस्कार दिवस एवं शान्तिस्तुप चैत्य उद्घाटन

७ फागुन, भक्तपुर । नगदेश बौद्ध समूहको आयोजनमा यही माघ पूर्णिमा (सिपुन्ही) को दिनमा शान्तिका महानायक, तथागत गौतम बुद्धले आयुसंस्कार परित्याग गर्नुभएको गुणानुस्मरणमा विशेष बुद्धपूजा गरी २५६३ औं आयु संस्कार परित्याग दिवस मनाइयो । सो बुद्धपूजामा प्रमुख अतिथिको रूपमा पाल्नुभएका "अखिल नेपाल भिक्षु महासंघका महासचिव भिक्षु कोण्डन्य महास्थविरबाट अष्टशील-पञ्चशील ग्रहण गरी बुद्ध विहारको कौशीमा विहारका वरिष्ठ उपासिका आशामाया तकोको सद्गति र निर्वाण कामनार्थ निर्मित विश्वशान्तिको प्रतीक- "शान्ति स्तुप (चैत्य)" अखिल नेपाल भिक्षु महासंघका महासचिव भिक्षु कोण्डन्य महास्थविरबाट अनावरण गरी समुद्घाटन गरियो । तत्पश्चात् प्रमुख अतिथिको आसनबाट "बौद्ध जगतमा माघ पूर्णिमाको उपादेयता" भएको बारेमा समायोचित ढङ्गले ब्याख्या विश्लेषण गरी उपस्थित सम्पूर्ण उपासक उपासिकाहरूको ध्यानाकर्षित गरी धर्मोपदेश गर्नुभयो । "अनित्य, दुःख र अनात्म" विषयमा मर्मस्पर्शी ढङ्गले विवेचना गरी धर्मोपदेश गर्नुभयो । सो बुद्धपूजा कार्यमा "वरिष्ठ उपासिका आशामाया तको" को सद्गति र निर्वाण कामनार्थ शान्तिको प्रतिक शान्ति स्तुप (चैत्य) निर्माण गर्ने सुमनसाय र सद्इच्छा राखी तन, मन र धनले सहयोग गर्नुभएका तकोको भाञ्जा हरी राम बाडे र भाञ्जी बुहारी र निर्माण कार्यमा सहयोग गरिरहनुभएका उपासक तुल्सी बहादुर तकोलाई प्रमुख अतिथि भिक्षु कोण्डन्यले दोसल्ला ओढाई पवित्र खादा पहिराई सम्मान गर्नुभएको थियो । अन्तमा सामूहिक पुण्यानुमोदन गरी बुद्धपूजा कार्य सम्पन्न गरियो । तत्पश्चात् दानप्रदान कार्य गरी आमन्त्रित श्रद्धेय भिक्षु संघलगायत अनागारिका गुरुमाँ र अन्य आमन्त्रित सबै उपासक उपासिकाहरूलाई भोजनको प्रबन्ध गरियो । सो दिनको जलपान एवं भोजनको सम्पूर्ण प्रबन्ध दाता हरी राम बाडेको सपरिवारको तर्फबाट भएको व्यहोरा समेत स्मरण गरी समूहको तर्फबाट साधुवाद समेत ब्यक्त गरिएको थियो । भोजन कार्य समाप्तिपश्चात् धिमे बाजा बजाई शान्तिका प्रतिमूर्ति भगवान् शास्ताको ढलौटको मूर्ति खटमा राखी ज्ञानमाला भजन गाएर सयौं उपासक उपासिकाहरूले ऐतिहासिक एवं साँस्कृतिक नगरी "नगदेश" परिक्रममा गरी "२५६३ औं भगवान् बुद्धको आयु संस्कार परित्याग दिवस" भब्यताका साथ सम्पन्न भएकोमा यस नगदेश बौद्ध समूह प्रमुदीतभै प्रमुख अतिथि भन्ते लगायत सबैमा आयु आरोग्य एवं सुस्वास्थ्यको कामना गरी साधुवाद समेत ब्यक्त गरेको समूहका सचिव कृष्णकुमार प्रजापतिले जानकारी गराउनुभयो ।






## संघनायकलाई आर्थिक सहयोग

२९ चैत्र, काठमाडौं । टोखास्थित ग्राण्डी इन्टरनेशनल अस्पतालमा उपचार गराइराख्नुभएका ९३ वर्षीय संघनायक भिक्षु अश्वघोष महास्थविरको शीघ्र स्वास्थ्यलाभको कामना गरी संघाराम विहारमा भिक्षुसंघ तथा अनागारिका संघबाट विशेष परित्राणपाठ सम्पन्न भयो । फ्राखु विशाल धम्मसोभन महास्थविरको नेतृत्वमा सम्पन्न परित्राणपाठ शुभारम्भ हुन अगाडि अखिल नेपाल भिक्षु महासंघका महासचिव भिक्षु कोण्डन्यले उपचारत संघनायक महास्थविर भन्तेको स्वास्थ्यस्थिति स्थीर रहेको उल्लेख गर्नुहुँदै आवश्यक जानकारी दिएका छन् । संघाराम विहारका उपप्रमुख भिक्षु उपतिस्स महास्थविरले उपस्थित सबैलाई साधुवाद ज्ञापन गर्नुभयो ।



यसरी नै संघनायक भिक्षु अश्वघोष महास्थविरलाई अखिल नेपाल भिक्षु महासंघबाट एकलाख, आनन्दकुटी विहारबाट दुईलाख आर्थिक सहयोग उपलब्ध गराइएको औपचारिक रुपमा अ.ने.भि.महासंघका उपाध्यक्ष एवं आनन्दकुटी विहारका कार्यवाहक प्रमुख भिक्षु धर्ममूर्ति महास्थविरबाट जानकारी प्राप्त भएको छ । अन्य संघसंस्थाहरुले समेत सहयोग





## मैत्रेयछ्युवा संघया वार्षिक ज्याभ्वः क्वचाल

मैत्रेय युवा संघया नीनिंगूगु बुदिंया लसताय विशेष ज्याभ्वः क्वचाल । थथुबहीया जयकीर्ति विहारय् मुनिविहारया अर्जुन भन्तेया मूपाहाँसुइ जूगु थ्व ज्याभ्वलय् ख्वपया थी थी बौद्ध संस्थाया प्रतिनिधि व बौद्ध विद्वानपिसं ब्वति काःगु खः । छुं दिं न्ह्यः पुनर्गठन जूगु संघया ज्यासना पुचःया अध्यक्ष मय्जु जमुना गोसाईया सभापतित्वय जूगु ज्याभ्वलय् संघया उपाध्यक्ष लक्ष्मीचन्द्र वज्राचार्यं लसकुस न्वचु बियादिल । पञ्चशील प्रार्थना यासें शुरु जूगु ज्याभ्वलय् लुनिमा चित्रकारं वार्षिक प्रतिवेदन अथे हे आर्थिक प्रतिवेदन प्रमिला धुख्वां न्ह्यब्वयादिल सा सल्लाहकार तिर्थराज वज्राचार्यं मैत्रेय युवा संघं परियत्ति तथा थथुबहीया सम्पदा संरक्षणया पलाय् न्ह्यानाच्वंगु गतिविधि न्ह्यब्वयादिल । अथे हे कुथुबही विकास समितिया अध्यक्ष प्राध्यापक शिद्धिरत्न शाक्यं ख्वपया विद्यालय स्तरया स्थानीय पाठ्यक्रमय् संस्कृति व सम्पदा विषय दुथ्याका थनया थी थी सम्पदा, नखचखः दुथ्याकेगु भ्वलय् थन ज्वीगु पञ्चदान व सम्यकदानया विषय नं समावेश ज्वीगु व छसिकथं बौद्धशिक्षाया नं स्यनेकने ज्वीगु खँ कनादिल । संघयात कम्प्युटर उपलब्ध याना ग्वहाली ब्यूगुलिं भक्तपुर बौद्ध सम्पदा संघयात कदरपत्र नं लःल्हागु थुगु ज्याभ्वलय् परम्परागत बुद्धधर्म संघ, ख्वपया अध्यक्ष पुष्परत्न शाक्यं परियत्ति शिक्षां बौद्ध संस्कृति विकास ज्वीगु खँ न्ह्यब्वसें परियत्ति शिक्षा प्रसारय् संघपाखें जुयाच्वंगु कुतःयात च्वछायादिल । कदरपत्र ग्रहण यासें सम्पदा संघया पद्मसुन्दर शाक्यं बौद्ध सम्पदा संरक्षणया ज्याय् मैत्रेय युवा संघयात गुहाली यानाच्वनेगु प्रतिबद्धता प्वंकुसे इलामय् निर्माण जुयाच्वंगु बुद्धमूर्ति व विहारया निंतिं नं ज्याभ्वलय्हे अर्जुन भन्तेयात आर्थिक ग्वहाली याय्गु वचं बियादिल । ज्याभ्वलय् बौद्ध संघ भक्तपुरया सचिव सुगतरत्न वज्राचार्यं थःगु नुगःखँ प्वंकुसे परियत्ति शिक्षायात थनया थी थी विद्यालय प्रसार यायेगु ज्यायात च्वछायादिलसा ज्याभ्वया अन्तय् उपस्थित सकसितं माइला दोङ्गं सुभाय् बियादिल ।

# नेपालको पहिलो नगर भेटियो
# विश्वसम्पदामा सूचीकृत हुने बलियो आधार

**मनोज श्रीवास्तव**

कपिलवस्तु । तिलौराकोट दरबारमा आठौं चरणको उत्खनन् कार्य जारी छ । बेलायतका वरिष्ठ पुरातत्वविद् रबिन कनिङ्गम तथा पुरातत्व विभागका बरिष्ठ पुरातत्वविद कोषप्रसाद आचार्यको टोलीले दरबार भित्रका ४ स्थानमा उत्खनन् गरेका थिए । यस अघि गरिएका ७ पटकका उत्खनन्बाट प्राप्त प्रमाण यसको वास्तविकता, प्राचीनता र ऐतिहासिकता पुष्टिका लागि ज्यादै महत्वपूर्ण मानिएको छ ।




लुम्बिनी जत्तिकै महत्वपूर्ण भएर पनि महत्वमा नपरेको तिलौराकोट दरबारको यस पटकको उत्खनन् आफैमा विशेष रहेको पुरातत्वविद्हरु बताउँछन् । पुरातत्व विभागका पुरातत्वविद् राम ब.कुवँरले अबको उत्खनन्बाट जुट्ने प्रमाणले तिलौराकोटलाई विश्व सम्पदा सूचीमा सुचिकृत गर्ने प्रर्याप्त प्रमाणहरु जुट्ने बताउनुभयो । "पछिल्ला उत्खनन्बाट जुटेका प्रमाण र अहिलेको उत्खनन्बाट प्राप्त उप्लब्धि नै यसलाई विश्व सम्पदा सूचीमा सूचिकृत गर्ने प्रमुख आधार हुनेछ" उहाँले भन्नुभयो ।

प्राचीन कपिलवस्तु दरबार (तिलौराकोट) शाक्यमुनी बुद्धका पिता राजा शुद्धोदनको राजधानी रहेको प्रमाण यस अघिका उत्खनन्ले पुष्टि गरिसकेको छ । तर विगतमा र हालै भएका उत्खनन्ले तिलौराकोट दरबार क्षेत्र राजा शुद्धोदन अगावैको प्राचीन शहर भएको र त्यहाँ निरन्तर १५ सय वर्षसम्म मानव बस्ती रहेको प्रमाण फेला परेको छ । उत्खनन्मा संलग्न पुरातत्व अधिकृत राम ब. कुवँरका अनुसार त्यहाँ इशापूर्व आठौंदेखि सातौं शताब्दीसम्म मानव बस्ती रहेको प्रमाणहरु भेटिएको बताउनुभयो ।

"हामीले यहाँ चरणबद्ध उत्खनन् गर्दा बुद्धकालिन, मौर्यकालिन, सुंघकालिन, कुषाणकालिन र गुप्तकालिन समयमा निर्माण भएका संरचना, मुद्राहरु भेटायौ" उहाले भन्नुभयो । दुई साताअघि मात्रै दरबारको उत्तरी गेटको पश्चिममा उत्खनन्को क्रममा २५२ वटा कुषाणकालिन तामाका मुद्रा भेटिएको छ । सन् २०१५मा यहि टोलीले दरबारको पूर्वीद्वार नजिकै उत्खनन् गर्दा ४९७ वटा मौर्यकालिन पञ्चमार्ग चाँदीका मुद्राहरु फेला पारेको थियो ।

तिलौराकोट दरबार इशापूर्व आठौं शताव्दीमा पनि व्यवस्थित शहर रहेको उत्खनन्बाट पुष्टि भएको पुरातत्वविद्हरु बताउँछन् । प्राचीन कपिलवस्तु राजधानीको १६ सय मिटर लामो सुरक्षा पर्खाल, पर्खाल किनारमा नहर, दरबार छिर्ने ४ वटा द्वार, ठूला सडक, पोखरी, ढलको निकास, दरबार किनारमा हथियार कारखानाले यो शहर इशापूर्व आठौं शताव्दी चरणमा भेटिएका शहरमध्ये आधुनिक र व्यवस्थित रहेको उनीहरुको भनाई छ ।

विभिन्न उत्खनन् र प्राप्त प्रमाणले तिलौराकोट नै प्राचीन कपिलवस्तु भएकोमा आशंका नरहेको पुरातत्वविद् कुवँर बताउनुहुन्छ । "जुटेका सबै प्रमाणसहित सन् २०२१ भित्र यसलाई विश्व सम्पदा सूचीमा सुचिकृत गर्न पहल गर्छौं" उहाँले भन्नुभयो ।

युनेस्कोले आवश्यक प्रक्रिया पुरा गरी यसलाई सूचिकृत गर्नेमा उत्खनन्मा संलग्न पुरातत्वविद्हरु आशावादी देखिएका छन् । उत्खनन् जापानिज फण्ड ईन ट्रष्ट (जेफीड) फर युनेस्कोको आर्थिक सहयोगमा पुरातत्व विभाग र लुम्बिनी विकास कोषको सहकार्यमा फेब्रुरी २८ सम्म चलेको थियो । ४० जना पुरातत्वविद रहेकाउ उक्त टोलीले तिलौराकोट दरबार क्षेत्रको मध्यभागको संरचना परिसर, केन्द्रिय पोखरी र समय माई मन्दिर पछाडीको क्षेत्र तथा कन्थक स्तुप क्षेत्रको उत्खनन् गरिएको थियो ।